ehetaudasandesh.com

हेटौंडा सन्देश राष्ट्रिय दैनिक

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३०९ ॥ बिहीबार १७ बैशाख २०८३ ॥ चतुर्दशी ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Thursday 30 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## पत्रकारद्वारा मानवअधिकार आयोगलाई ज्ञापन

सन्देश संवाददाता

काठमाडौं/तीन तहकै सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको विभेदकारी निर्णय र परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, संवैधानिक प्रवन्ध, खुला अर्थनीति र संघीयताको मर्मविपरीत भएको ठहर गर्दै निर्णय फिर्ता गराउन नेपाल पत्रकार महासंघले देशव्यापीरुपमा चलाएको दबाबमूलक अभियान जारी रहेको बताएको छ।


अभियानअन्तर्गत् बैशाख १६ मा महासंघ केन्द्रीय समितिले राष्ट्रिय मानवअधिकार आयोगलाई ज्ञापनपत्र बुझाएको छ। बैशाख १७ मा विभिन्न पार्टीका संसदीय दलका नेता तथा सचेतकसँग छलफल गरिने छ भने बैशाख १८ शुक्रबार भावी रणनीति तय गर्न महासंघका प्रदेश समिति र जिल्ला समितिहरुले सर्वपक्षीय छलफल गर्ने कार्यक्रम तय गरिएको छ।

महासंघका अनुसार बैशाख २० गते आइतबार विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा महासंघ केन्द्रीय समितिले प्रेस स्वतन्त्रता ऐक्यबद्धता प्रभातफेरी आयोजना गर्नेछ। यसअघि उक्त निर्णय फिर्ता गराउनका लागि महासंघले सञ्चालन गरेको दबाबमूलक अभियानमा प्रदेश र जिल्ला शाखा, प्रतिष्ठान शाखा र एसोसिएट संस्थाबाट भएको भूमिकाको महासंघले सराहना गरेको छ।

### आयातमा प्रतिबन्ध

# दंग छन् केरा किसान

सन्देश संवाददाता



हेटौंडा/सरकारले केरा आयातमा लगाएको प्रतिबन्धले मकवानपुरका किसानलाई अप्रत्याशितरुपमा फाइदा पुऱ्याएको छ। बाहिरी केरा बजारमा कम भित्रिएपछि स्थानीय उत्पादनको माग बढेको छ, जसले किसानलाई उत्साहित बनाएको छ। तर, यही अवस्थाले उपभोक्तालाई भने महंगो मूल्यको भार बोक्न बाध्य बनाएको छ।

हेटौंडा, मकवानपुरगढी, मनहरी, राक्सिराङ र बकैया क्षेत्रका किसानले यस सिजनमा उत्पादनले सहज बजार पाएको बताएका छन्। विगतमा भारतीय केरासँग प्रतिस्पर्धा गर्न कठिन हुने गरेकोमा हाल भने स्थानीय उत्पादन नै प्राथमिकतामा परेको उनीहरुको भनाइ छ। मकवानपुरगढी–४ का किसान सोमप्रसाद दाहालका अनुसार पहिले उत्पादन बिक्री नहुँदा घाटा बेहोर्नुपर्थ्यो। तर, हाल माग उच्च भएकाले राहत महसुस भएको छ। किसानहरु अब आगामी सिजनमा खेती विस्तार गर्ने योजनामा छन्। पछिल्ला वर्षहरुमा मकवानपुरमा केराखेती व्यावसायिकरुपमा विस्तार हुँदै गएको छ। विशेषगरि मकवानपुरगढी, मनहरी र राक्सिराङ क्षेत्र यसका लागि सम्भावनायुक्त मानिन्छन्। तर, बजारमा आपूर्ति पर्याप्त नहुँदा मूल्य भने लगातार बढिरहेको छ।

हेटौंडाका खुद्रा व्यवसायीका अनुसार पछिल्ला साताहरुमा केराको भाउ उल्लेख्यरुपमा उकालो लागेको छ। मातातीर्थ औंसीजस्ता विशेष अवसरमा माग झन् बढ्दा मूल्य चर्किएको थियो। उपभोक्ता भने महंगीले चिन्तित छन्। दैनिक उपभोगमा पर्ने फलफूलमध्ये केरा महंगो हुँदा किनमेलमा कटौती गर्नुपरेको गुनासो उनीहरुको छ। हेटौंडा–२ का रामप्रसाद घिमिरे भन्छन्–पहिले सजिलै किन्ने केरा हाल सोचेरमात्र किन्नुपर्ने भयो।

१ बैशाख २०८२ र १ बैशाख २०८३ को तुलनामा मात्र केराको मूल्य दर्जनमा ५० प्रतिशत् बढेको छ। थोक बजारमै केराको मूल्य दर्जनमा ५० प्रतिशत् वृद्धि भएको हो। १ बैशाख २०८२ मा स्थानीय बजारमा प्रतिदर्जन औसत १ सय ५० रुपियाँमा कारोबार भएको थियो। १ बैशाख २०८३ मा औसतमा २ सय २५ रुपियाँ कारोबार भएको हो। केरा प्रतिदर्जन औसत मूल्य २२ माघदेखि ९ चैतसम्म १ सय ४५ रुपियाँ, १० चैत २०८१ देखि ३ बैशाख २०८२ सम्म १ सय ५० रुपियाँ थियो। तर, २६ र २७ माघ २०८२ मा १ सय ८० रुपियाँ पुगिसकेको थियो। २७ र २८ फागुनमा १ सय ८५ रुपियाँ र २९ फागुनदेखि २ चैत २०८२ सम्म १ सय ९० रुपियाँ थियो।

व्यवसायीका अनुसार आयातमा रोक लागेपछि आपूर्ति घटेको र माग बढेकाले मूल्य स्वतः वृद्धि भएको हो। केही स्थानमा भने अवैधरुपमा केरा भित्रिएको हुनसक्ने आशंका पनि गरिएको छ। केरा आयात रोक्नुको मुख्य कारण टीआर–४ नामक रोगको जोखिम रहेको कृषि प्राविधिकहरु बताउँछन्। उक्त रोगले केराखेतीलाई गम्भीर क्षति पुऱ्याउन सक्ने भएकाले सावधानी अपनाइएको हो। विश्वका १७ देशमा फैलिएको केरामा लाग्ने टीआर–४ नामक रोग नेपालमा पनि देखिएको छ। टीआर–४ ढुसीजन्य रोग हो। यसले भयावह अवस्था सिर्जना गर्नसक्छ। औपचारिकरुपमा आयात गर्न नपाइए पनि अनौपचारिकरुपमा आयात हुने केराको हकमा सूचना पाएसम्म स्थानीयरुपमा कानुनी प्रक्रियाअनुसार नष्ट गरिएको छ। नेपाल कृषि अनुसन्धान परिषद (नार्क) का अनुसार शुरुमा कैलालीको टीकापुरमा उक्त रोग भेटिएको हो। नेपालका १४ जिल्लामा व्यावसायिक केराखेती गरिन्छ भने झण्डै १५ अर्ब कारोबार हुने गरेको छ।

किसानहरुका अनुसार सरकारले उत्पादन, भण्डारण र बजार व्यवस्थापनमा सहयोग गरे स्थानीय उत्पादनले धेरै हदसम्म बजार धान्न सक्छ। हालको अवस्थाले किसानलाई फाइदा र उपभोक्तालाई चुनौती दिएको देखिन्छ। अब सरकारको भूमिका मूल्य नियन्त्रण र स्थानीय उत्पादन प्रवर्द्धनबीच सन्तुलन कायम गर्नेमा केन्द्रित हुनुपर्ने देखिन्छ।

# उपमहानगरसँग छैन सुकुम्बासीको तथ्याङ्क

हेटौंडा/ हेटौंडा उपमहानगर पालिकाका १९ वटै वडामा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन्।

संघीय सरकारले भूमिहीन सुकुमवासीको समस्या समाधानका लागि गठन गरेका आयोगले संकलन गरेको तथ्यांक र उपमहानगरको भूमि व्यवस्थापन शाखाले गरेको आन्तरिक सर्वेक्षणअनुसार उपमहानगरका १९ वटै वडामा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन्।

उपमहानगरमा भूमिहीन दलित २१०, भूमिहीन सुकुमवासी १ हजार ७४३ र अव्यवस्थित बसोबासी ३ हजार ७९० जना रहेका छन्। १७, १८ र १९ नम्बर वडामा समुदायस्तरमा छैनन्। तर, ठाउँठाउँमा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेको उनीहरुले दावी गर्दै आएका छन्। नगरका बाँकी वडामा समुदायस्तरमै सुकुमवासी र अव्यवस्थित बसोबासी रहेको भूमि व्यवस्थापन शाखा प्रमुख लक्ष्मण अधिकारीले जानकारी दिए। भूमि व्यवस्थापन शाखाका अनुसार हेडौंडाका १२ वटा वडामा ५ हजार ७४३ जना भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन्।

यो तथ्यांक २०७७ र २०७८ सालमा भूमि समस्या समाधान आयोगले वडा कार्यालयहरूमार्फत् निश्चित समय दिएर संकलन गरेको लगत विवरण हो। भूमि व्यवस्थापन शाखा प्रमुख अधिकारीले दुई चरणमा गरेर १२ हजार बढीले निवेदन दिएका बताए। तर, वडामा प्राप्त सबै निवेदन कागजात अपुग र जनशक्ति अभावले आयोगको सफ्टवेयरमा लगत प्रविष्ट गर्न नसकिएको उनले प्रष्टरुपमा बताए।

'१२ हजार बढीको निवेदन परेको रहेछ। म पछि मात्रै यो शाखामा आएको हुं। लगत प्रविष्ट यति मात्रै भएको हो। बाँकी निवेदनको विवरण जेनजी आन्दोलनको बेला जल्यो, जुन सफ्टवेयरममा प्रविष्ट गर्न सकिएन,' उनले सञ्चारकर्मीसंग भने। २०७७ र २०७८ को लगत विवरण २०८२ सम्म पनि किन प्रविष्ट हुन नसकेको भन्ने प्रश्नमा अधिकारीले भने, 'आयोग बेला बेलामा खारेज भइरह्यो, कर्मचारी जाने-आउने भयो। हामीले राखेको कर्मचारी पनि एक महिनासम्म टिकेनन्। काम अति सुस्त भयो। त्यसैले हो।'

**कहाँ-कहाँ छन् सुकुमवासी र अव्यवस्थित बसोबासी ?**

हेटौंडा उपमहानगर पालिकासँग र भूमि समस्या समाधान आयोगमा हेटौंडाका १, २, ४, ६, १५,१७ र १९ नम्बर वडामा बसोबास गर्दै आएका भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको वास्तविक तथ्यांक छैन। यी वडा-हरुमा सेवाग्राहीले दुई चरणमा गरेर निवेदन दिएता पनि आयोगको सफ्टवेयरमा लगत प्रविष्ट हुन नसकेको कारण पालिकामा यसको रेकर्ड राख्न नसकिएको शाखा प्रमुख अधिकारीले बताए।

९ नम्बर वडामा भूमिहीन दलित १० र सुकुमवासी ५७ जनाको निवेदन परे पनि अव्यवस्थित बसोबासीको लगत उल्लेख छैन। १४ नम्बर वडामा सुकुमवासी १६ जनाको मात्रै निवेदन परेको लगत प्रविष्ट भएको छ। ७ नम्बर वडामा भूमिहीन दलित ६ र सुकुमवासी ६६ जनाको विवरण संकलन हुँदा अव्यवस्थित बसोबासीको विवरण संकलन हुन नसकेको भूमि व्यवस्थापन शाखाले जनाएको छ।

२०७७ र २०७८ मा आयोगले संकलन गरेको विवरणअनुसार सबैभन्दा धेरै ११ नम्बर वडामा भूमिहीन दलित १११ जना, सुकुमवासी ८११ जना र अव्यवस्थित सुकुमवासी ९९० जना रहेका थिए। १२ नम्बर वडामा भूमिहीन दलित १४, सुकुमवासी ६५ र अव्यवस्थित बसोबासी ६८८ जना रहेको भूमि व्यवस्थापन शाखाले जनाएको छ।

अधिकृत अधिकारीका अनुसार १६ नम्बर वडामा भूमिहीन दलित ६, सुकुमवासी ३४ र अव्यवस्थित बसोबासी ५०७ जना, १८ नम्बर वडामा भूमिहीन दलित ९, सुकुमवासी ३२ र अव्यवस्थित बसोबासी ४६८ जना, ३ नम्बर वडामा भूमिहीन दलित १, सुकुमवासी २२७ र अव्यवस्थित बसोबासी ३५७ रहेका थिए।

# विद्यालयको नाम नमिल्दा . . . . . . . .

सन्देश संवाददाता




हेटौंडा/मुग्लिनस्थित त्रिवेणी बराह माध्यमिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलबसुबिधा कात्तिक महिनादेखि रोकिएको छ। विद्यालयको नामको विषयमा विवाद भएपछि त्यसको मारमा विद्यालयमा कार्यरत् शिक्षक तथा कर्मचारी परेका हुन्। २०३१ सालमा स्थापना भएको विद्यालयलाई इच्छाकामना गाउँपालिका वडा–५, मुग्लिनस्थित स्वर्गीय नन्दप्रसाद त्रिपाठीको नाममा उनका छोराहरुले नगद ११ लाख दान दिएपछि विद्यालयको नामको पछाडि दाताको नाम समावेश गराएर श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालय बनाउने निर्णय भएको थियो।

तर, विद्यालयको नामाकरणसम्बन्धि विवाद देखिएपछि अदालती प्रक्रियामा गएको विषयमा सर्वोच्च अदालतले नै मुद्दा टुङ्ग्याइदिंदासमेत विद्यालयले उक्त फैसला कार्यान्वयन नगरिदिंदा समस्या उत्पन्न भएको हो। सर्वोच्च अदालतबाट विद्यालयको नामाकरण श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालय कायम गराउने विषयमा २०८१ बैशाख ३१ गते नै फैसला भएको थियो। सर्वोच्चले गरेको फैसला करिब दुई वर्ष पुग्न लाग्दासमेत कार्यान्वयन नगरेपछि विद्यालयको आर्थिक स्रोत नै रोकिएको हो।

यस विषयमा सर्वोच्चले इच्छाकामना गाउँपालिकाको ध्यानाकर्षण गराएपछि गाउँपालिकाले पनि विद्यालयलाई पटकपटक सर्वोच्चको फैसला कार्यान्वयन गर्न पत्र पठाएको थियो। गाउँपालिकाले विद्यालय सपार्ने विषयमा चरण–चरणमा छलफल गरेर निकास खोज्ने प्रयाससमेत गऱ्यो। तर, हालसम्म निकास निकाल्न नसकेको गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङ बताउँछन्। 'विद्यालयका शिक्षक, कर्मचारीहरु सुबिधा रोकियो भनेर कराइरहेका छन्, हामीलाई पनि जतिसक्दो चाँडो भुक्तानी दिन पाए हुन्थ्यो भन्ने छ,' पालिका अध्यक्ष गुरुङ भन्छन्–तर, विद्यालयले हालसम्म गाँठो नफुकाइदिंदा समस्या परेको छ। स्थानीय सरकारले देशको कानुन मिच्न नमिल्ने हुँदा सर्वोच्चको फैसला कार्यान्वयन नगरेसम्म भुक्तानी दिन नसकिने उनले बताए। 'कानुनीरुपमै विद्यालयको नामाकरणको विषयमा फैसला भइसकेको विषयलाई कसैले पनि रोक्न मिल्दैन,' पालिका अध्यक्ष गुरुङ भन्छन्–कि अदालतको फैसला कार्यान्वयन गर्नुपऱ्यो, कि त भने आफ्नो पक्षमा फैसला ल्याउन सक्नुपऱ्यो।

जिल्लादेखि उच्च हुँदै सर्वोच्चसम्म पुगेको विषयलाई सर्वोच्चले नै फैसला गरिदिएपछि मान्दिनँ भन्न नमिल्ने उनले बताए। 'यति समस्याले गर्दा शिक्षक, कर्मचारीको तलब सुबिधामात्र नभइ विद्यालयमा दिनुपर्ने छात्रवृत्ति तथा मसलन्द खर्चसमेत रोकिएको छ,' उनी भन्छन्–चालु आर्थिक वर्षको मसान्तभित्र पनि यस समस्या समाधान भएन भने झन् असहज परिस्थिति सिर्जना हुनसक्छ।

शिक्षक, कर्मचारीको समस्यालाई बुझेर व्यवहारिकरुपमा रकम भुक्तानी दिए पनि बेरुजु देखिने हुँदा त्यसतर्फ जानसक्ने कुनै बाटो नरहेको उनले बताए। 'हामीले विद्यालय र अभिभावकसँग छलफल पनि गऱ्यौं। मिलेसम्मको प्रयास बैंकसँग पनि गऱ्यौं। तर, कानुनभन्दा माथि हामी छैनौं,' उनी भन्छन्–यस समस्याले अब शिक्षक, कर्मचारीमात्र नभइ उक्त विद्यालयमा अध्ययनरत् विद्यार्थीको भविष्यसम्म असर पुऱ्याउने देखिन्छ। सर्वोच्चको फैसला अनुसार विद्यालयको नाम श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालयमा रकम निकासा गर्नुपर्ने हुन्छ। तर, विद्यालयको खातामा पुरानै नाम अर्थात् श्री त्रिवेणी बराह माध्यमिक विद्यालयमात्र भएकोले र कम भुक्तानी रोकिएको पालिकाले जनाएको छ।

विद्यालयका प्रधानाध्यापक युवराज लामा भने विद्यालय व्यवस्थापन समितिले निर्णय नगरिदिंदा समस्या समाधान हुन नसकेको तर्क गर्छन्। 'सर्वोच्चको फैसला अनुसार विद्यालय व्यवस्थापन समितिले निर्णय गरे हामीले नयाँ नाममा खाता सञ्चालन गर्न समस्या छैन,' प्रधानाध्यापक लामा भन्छन्–विद्यालय प्रशासनबाट कुनै समस्या छैन, रोकतोक छैन। हामी व्यवस्थापन समितिको निर्णय पर्खिरहेका छौं।

तर, विद्यालय व्यवस्थापन समिति भने यी सबै दोष समुदायमाथि थुपार्छ। सर्वोच्चको फैसलाअनुसार नाम परिमार्जन गर्न समुदायबाट नदिएपछि निर्णय गर्नै नसकिएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष टोपनारायण श्रेष्ठ (टीएन) बताउँछन्। समुदायबाट विद्यालय व्यवस्थापन समितिलाई काम गर्ने वातावरण नै नदिंदा विद्यालय नै संकटमा पर्ने अवस्थामा आइपुगेको अध्यक्ष श्रेष्ठले बताए।

'पाँच/छ महिनासम्म तलब दिन पाएको छैन, त्यसमा हामीलाई पीडा छ। तर, विद्यालय व्यवस्थापन समितिलाई काम गर्न दिइएको छैन,' उनी भन्छन्–पटकपटक प्रयास गर्दा पनि समुदायबाट विद्यालय प्रशासनमाथि विभिन्न खालको समस्या आइलागेपछि हामी अनिर्णित बनेका छौं। सर्वोच्चको फैसला कार्यान्वयन गर्न विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासन सकारात्मक रहेको उनी बताउँछन्। यस्तो धर्मसंकटका बेला स्थानीय सरकारले नै समन्वयकारी भूमिका निर्वाह गरेर चाँडोभन्दा चाँडो निकास दिनुपर्ने उनी बताउँछन्। 'यस आर्थिक मसान्तभन्दा पहिले नै गाउँपालिकाले फेरि एकपटक बैठक बोलाएर सहजीकरण गरिदिए हुन्थ्यो,' उनी भन्छन्।

कुनै समय नाम कहलिएको विद्यालय पछिल्लो समय विपरीत दिशामा हिंडिरहेको छ। लामो समयसम्म विद्यालय व्यवस्थापन समितिविहीन अवस्थामा रहेको विद्यालयमा केही उपाय नलागेपछि पालिकाले नै श्रेष्ठलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोकेर पठाउनुपरेको हो। तर, व्यवस्थापन समिति सम्हाल्न नसकिने अवस्थामा रहेको हालका अध्यक्ष श्रेष्ठ स्वयम् बताउँछन्। पालिका अध्यक्ष गुरुङ भने विद्यालय प्रशासनकै कमजोरीका कारण विद्यालय नै धरापमा परेको बताउँछन्। उनका अनुसार विद्यालयको स्तरोन्नतिका लागि पालिकाले विद्यालय बस खरिद गर्न छुट्याएको रकमसमेत फिर्ता भएको थियो।

उक्त विषयविरुद्ध उजुरी परेपछि मुद्धामामिलाको प्रक्रियामा जाँदा विद्यालयको आर्थिक पक्ष पुरानै नामको बैंक खातामार्फत् चलिरहेको थियो। तर, सर्वोच्चको फैसला नै आइसकेपछि कार्यान्वयन गराउनुपर्ने दातामध्येका एक प्रकाश त्रिपाठी बताउँछन्। 'हामीले बुबाको स्मृतिमा दान दिएको रकमबाट विद्यालयको नामाकरण गर्दा कसैको चित्त बुझेन र मुद्धामामिलामा गयो,' उनी भन्छन्–फैसला शिक्षा नियमावली, २०५९ अनुसार आएपछि कार्यान्वयन गर्ने जिम्मा त विद्यालय प्रशासनको होला नि? त्रिपाठी परिवारले आफ्नो पुर्खाको नाममा दान दिएको र विद्यालयको नाम राख्ने विषयभन्दा विद्यालय नै धरापमा परेको विषय बढी पेचिलो बनेको भन्दै चिन्ता व्यक्त गरेको छ। 'हाल पढ्दै गरेका विद्यार्थीको भविष्य के होला भन्ने चिन्ता छ,' दातामध्येकी एक (नन्दप्रसादकी बुहारी) ज्ञानु पाण्डे भन्छिन्–सर्वोच्चको फैसला कार्यान्वयन गर्न स्थानीय सरकार, शिक्षा कार्यालय, फैसला कार्यान्वयन निर्देशनालयलगायत सरोकारवाला संस्थाहरुले पटकपटक ताकेता गरिरहेका छन्। अटेरीपनका कारण यो सबै भएको हो। विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्रेष्ठका अनुसार कुनै समय चाप थेग्न नसकेको विद्यालयमा हाल साढे दुई सय विद्यार्थी छन्। २४ जना शिक्षक तथा कर्मचारी कार्यरत् छन्।

## सकियो उपमेयर कप महिला तथा पुरुष भलिबल

सन्देश संवाददाता

हेटौंडा/आठौं संस्करणको वडास्तरीय उपमेयर कप महिला तथा पुरुष भलिबल प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिताको उपाधि महिलातर्फ हेटौंडा–५ र पुरुषतर्फ हेटौंडा–१९ ले जितेका छन्। प्रतियोगिताको महिलातर्फको फाइनल खेलमा हेटौंडा–५ ले हेटौंडा–१२ लाई ३–० को सोझो सेटमा पराजित गर्दै उपाधि कब्जा गरेको छ। हेटौंडा–५ ले हेटौंडा–१२ लाई २५–१७, २५–२२ र २५–४ को सेटमा सहज पराजित गरेको हो।

महिलातर्फ फाइनलमा हेटौंडा–१९ ले हेटौंडा–११ विरुद्ध ३–२ को सेटले जित्दै उपाधि कब्जा गरेको हो। फाइनल खेलमा हेटौंडा–१९ ले पहिलो सेट २५–२३ ले र तेस्रो सेट २५–१९ ले जित्दा दोस्रो सेट २०–२५ र चौथो सेटमा ९–२५ ले पराजित भएको थियो। त्यसपछि पुनरागमन गरेको हेटौंडा–१९ ले पाँचौं सेटमा १५–१० ले जित्दै उपाधि उचालेको हो।

प्रतियोगिताको उपाधि विजेता, उपविजेता र सेमिफाइनलमा पराजित भएका टिमहरुले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगिताका विधागत् उत्कृष्ट खेलाडीहरुले पनि नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। विधागत् खेलाडीमा महिलातर्फ हेटौंडा–५ की आयुष्मा उप्रेती उत्कृष्ट सेटर, अप्सना उप्रेती उत्कृष्ट सर्भर, नमुना थिङ उत्कृष्ट स्पाइकर, सलिना मगर प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी र आशीष राई उत्कृष्ट कोच बनेका छन् भने हेटौंडा–१२ की प्रशंसा भोम्जन उत्कृष्ट डिफेन्डर घोषित भइन्।

पुरुषतर्फ हेटौंडा–१९ का विशेष थापामगर प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी घोषित भए। सुवास सुबेदी उत्कृष्ट कोच, क्रिस लामा उत्कृष्ट सेटर बनेका छन् भने हेटौंडा–११ का निश्चल कौचा उत्कृष्ट ब्लकर, निरन सापकोटा उत्कृष्ट डिफेन्डर र कुशल लो उत्कृष्ट स्पाइकर घोषित भएका छन्। प्रतियोगितामा प्रथम पुरस्कार ५० हजार रुपियाँ, द्वितीय पुरस्कार ३० हजार रुपियाँ तोकिएको थियो। सेमिफाइनलमा पराजित हुने टिमहरुका लागि १०/१० हजार रुपियाँ सान्त्वना पुरस्कार तोकिएको थियो।

## गहुँलाई खेतमा नछाड्न कृषि विभागको आग्रह



सन्देश संवाददाता

काठमाडौं/मौसमको अवस्था प्रतिकूल रहेकाले गहुँलाई खेतमा नछाड्न किसानलाई कृषि विभागले आह्वान गरेको छ। विभागले मौसममा आएको फेरबदलले मुलुकको विभिन्न भागमा हुस्सु, कुहिरो तथा वर्षा हुन थालेपछि किसानले खेतमा काटेर राखेका गहुँमा क्षति हुने जोखिम उच्च रहेकाले त्यसको न्यूनीकरणका लागि गहुँको उत्पादनलाई घरमा लगेर भण्डारण गर्न आग्रह गरेको हो।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले खाद्यान्नका लागि प्रयोग गरिने गहुँ भण्डारणमा कीराबाट जोगाउन भकारीको माथिल्लो भागमा ४–५ इञ्चजति छहारीमा सुकाएको सुकिलो नीम, बकाइनो र तितेपातीजस्ता बोटबिरुवाको पात प्रयोग गर्नसमेत सुझाव दिए। कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत् कृषि सूचना केन्द्रले समेत किसानलाई कृषि उत्पादनमा प्रविधिक सुझाव, उत्पादन वृद्धि, बाली संरक्षण, क्षति न्यूनीकरण, बजारीकरण आवश्यक सूचना उपलब्ध गराउँदै आएको छ।

केन्द्रले गहुँलगायत अन्य बाली काटेको खेतमा बाँकी रहेको कृषि अवशेषहरु नजलाउन भनेको छ। यस वर्ष करिब २२ लाख मेट्रिकटन गहुँ उत्पादन हुने अनुमान गरिएको कृषि सूचना केन्द्रले जनाएको छ। गर्मी बढेसँगै लामखुट्टे, झिंगा, कीर्ना आदिको संख्या पनि बढ्ने र गाई, भैंसीमा लम्पीस्किन रोगको संक्रमण हुने जोखिम रहेको केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिए।

**स्वतन्त्र प्रेस, सबल लोकतन्त्र**

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गजब छ बा ! अविन




खै ! के भो के भो ??...
'भत्का'को' र 'भुत्ल्या'को' बाहेक क्यै नि आम्दैन !
एकफेर राम्ररी हेर्देउ त बाबु !

**उखान:** बाँदरको पुच्छर लौरो न हतियार ।

**बेलाको बोली**

मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।

*- भानुभक्त आचार्य*

## सम्पादकीय

## मुल्यबृद्धी नियन्त्रण गर

*केही समययता नेपालको बजार दैनिक उपभोग्य वस्तुको मूल्य धेरै बढेको पाइएको छ । आधिकारिक मुद्रास्फीति दर उच्च नहुँदा पनि उपभोग्य सामग्रीको मूल्य वृद्धि तीव्र हुनुले अहिलेको महँगी स्वाभाविक होइन । सम्भवतः आपूर्ति, वितरण र बजार अनुगमनको कमजोरीका कारण यो कृत्रिम वृद्धि भएको हो । अमेरिका र इजरायलबिचको द्वन्दले इन्धन आपूर्ति प्रभावित हुँदा उपभोग्य वस्तुको पनि उत्पादन, ढुवानी र वितरणमा लगानी बढ्नु स्वाभाविक हो । बजारले यी सबैको हिसाब गरेर नै मूल्य निर्धारण गर्छ । तर, युद्ध सुरू नहुँदै बजारमा पुगेका सामान र विशेष गरी खाद्य सामग्रीमा रातारात मूल्य बढाउनु भने कृत्रिम मूल्यवृद्धि नै हो । महँगी बढी भयो भन्ने जनगुनासोको उत्तरमा सरकारी अधिकारीहरू प्रायः औपचारिक मुद्रास्फिति दरलाई देखाउने गर्छन् । तर, पछिल्ला महिनामा उपभोक्ताले महँगीको भार निकै बढेको महसुस गरेका छन् । यसले सरकारी संयन्त्र र बजारको यथार्थबीच निकट एवम् वस्तुपरक सम्बन्ध स्थापित नभएको देखिन्छ ।*

*अहिले बजारमा महसुस गरिएको महँगी कृत्रिम चरित्रको छ । सम्भवत यो बजार संरचना, कमजोर नियमन र मिलेमतोपूर्ण व्यवहारको उपज हो भन्न सकिन्छ। आधिकारिक तथ्यांकले नेपालको महँगी भारत र भुटानको भन्दा धेरै देखाउँदैन । तर तरकारी, फलफूल, निर्माण सामग्री, खानेतेलजस्ता वस्तुमा देखिएको अस्वाभाविक मूल्यवृद्धिले उपभोक्ता भने मारमा परेका छन् । नेपालमा कृत्रिम महँगी बढ्नुका कारणहरू अस्पष्ट छैनन् । पहिलो, आपूर्ति श्रृखलामा बिचौलियाको अत्यधिक प्रभुत्व छ । उत्पादनस्थलबाट उपभोक्तासम्म आइपुग्दा मूल्यमा अनावश्यक तहहरू थपिन्छन् । दोस्रो, थोक व्यापारीबीचको 'कार्टेलिङ' प्रवृत्तिले खुला बजारमा हुनुपर्ने प्रतिस्पर्धा प्रभावहीन भएको छ । तेस्रो, सरकारी अनुगमन कमजोर र असंगत छ । कतिसम्म भने अनुगमन हुने दिन मूल्य घट्ने र पछि पुनः बढ्ने प्रवृत्तिसमेत बजारमा देखिन्छ ।*

*अहिलेको सरकारले खुला बजारको संस्कार र अभ्यास नबिथोलीकन उपभोक्तालाई कम्तीमा दैनिक उपभोगका वस्तुमा हुने कृत्रिम महँगीबाट जोगाउन प्राथमिकता दिनुपर्छ। सरकारको नीतिगत स्पष्टता र कार्यान्वयन क्षमता दुवैमा तत्काल सुधार गर्नु आवश्यक देखिन्छ । बजार अनुगमन लाई आकस्मिक अभियान होइन नियमित संस्थागत अभ्यास बनाउनुपर्छ जसका कारण मंहगी नियन्त्रणमा सहयोग मिल्न सक्दछ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष** कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट साथै भोजनको आनन्द प्राप्त हुनेछ

**बृष** लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । काममा विशेष सफलताले पनि हौसला जगाउनेछ ।

**मिथुन** दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । समय बनाउन सकिनेछ । विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**कर्कट** समयमा सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने कोशिस गर्नेछन् आयस्रोत सबल भए पनि प्रतिफल अरूका हातमा पर्न सक्छ

**सिंह** नयाँ कामले नाम र दाम दिलाउनेछ कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ मिहिनेतले सजिलै लक्ष्यमा पुऱ्याउनेछ प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ

**कन्या** विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ व्यवसायमा पनि फाइदै हुनेछ

**तुला** प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ

**बृश्चिक** मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । बाध्यात्मक परिस्थि–तिले काममा अलमल्याउन सक्छ ।

**धनु** सानातिना काममा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या पहिचान गर्न सकिनेछ तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ


**मकर** प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । नोकरी तथा व्यवसायमा लाग्नेहरूलाई फाइदा हुनेछ । भौतिक स्रोत-साधन संग्रह हुनेछन् ।

**कुम्भ** दिगो फाइदा हुने योजना बन्न सक्छ प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । स्वास्थ्यका लागि औषधि जोहो गर्नुपर्ला ।

**मिन** चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्‍याउनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६ समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# बुद्धजयन्ति र यसको महत्व



**केशव प्रसाद खरेल**
(अधिबक्ता) उपप्राध्यापक

बुद्ध जयन्तिको शुरूवात इशापूर्व ५६३ मा भएको हुनु पर्दछ । आजभन्दा करिव २६५४ वर्ष अगाडिबाट शुरूवात भएको हो । संसारमा दु:ख छ । दु:खका कारणहरू हुन्छन् । दु:ख निरोध हुन्छ । दु:ख निरोधका अष्टाङ्गिक मार्गहरू रहेका हुन्छन् । जब हामीमा तृष्णा जाग्दछ, तब दु:ख देखा पर्दछ । तर, मानवले चाह्यो भने तृष्णालाई त्याग्न पनि सकिन्छ । जब तृष्णालाई आत्मादेखि टाढा राख्न सक्दछौं, तब दु:खबाट मुक्ति पाउन सक्दछौं । विश्वशान्तिका महानायक गौतम् बुद्धको जन्मजयन्ति मनाउंदछौं ।

बुद्धको जन्म, ज्ञान प्राप्ति, पहिलो पटक ज्ञान प्रचार गरेको दिन महापरि निर्वाण प्राप्त गरेको दिन (पार्थिव शरीरलाई विर्सजन गरेको दिन) वैशाख पूर्णिमाको दिन नै हो । वैशाख पूर्णिमाको दिन संयोगले ४ वटा घटनाहरू एकै दिन परेको हुनाले विश्वका तमान बौद्धमार्गीहरू बुद्धजयन्ति पर्वलाई निकै श्रद्वापूर्वक आत्मसात गर्दै मनाउदै आईरहेका छन् ।

एकदिन मायादेवी सुतिरहेको समयमा उनको शरीरको दायांपट्टिको भागबाट ६ वटा सुंढ भएको हात्तीले प्रवेश गऱ्यो । प्रवेश गरेको केही समय पछि रानी गर्भवती भएको कुरा दरवारबाट बाहिरियो । राजकुमारले जन्मने बित्तिकै भनेका थिए 'यो मेरो अन्तिम जन्म हो ।' राजकुमार दिन प्रतिदिन बढ्दै गए । उनलाई माया मोहमा फसाउनका लागि राजा शुद्वोधनले दरवारमा राम्री राम्री नर्तकीहरूको व्यवस्था गरेका थिए । नर्तकीहरूले पनि राजकुमारको मन माया मोहमा फसाउन धेरै कोशिस गरेता पनि सफल हुन सकेनन् । राजकुमारले दरवार बाहिर घुम्ने क्रममा रोगी मानिस, बुढो मानिस, मरेको मानिस देखे । तब उनी गम्भीर सोचमा परे कि किन मानिसमा यसो अवस्था आउंछ ? यसको जड पत्ता लगाउने सोचले उनी गम्भीर बने । जीवन दु:खै दे:खले भरिएको छ, हामी मानवले कसैलाई दु:ख दिन हुंदैन । अरूको चीज चोर्न हुंदैन । सम्भोग गर्नु हुंदैन, छलकपट तथा झुटो बोल्नु हुंदैन । हाम्रो दिमागलाई असर पुग्ने कुराहरु खानु हुंदैन । नेपालको विशेषगरी लुम्बिनी, स्वयम्भूको स्तुप, बौद्व स्तुप तथा नेपाल अधिराज्यका गुम्बा, बिहारहरूमा बुद्व जयन्ति मनाइन्छ । विशेष कार्यक्रम स्वयम्भूमा रहेको आनन्दकुटी बिहारबाट निकालिन्छ । गौतम् बुद्व शाक्य वंशका थिए ।

लुम्बिनीमा एक पुष्करिणी तलाऊ रहेको छ । तलाउ वर्गाकारको छ । त्यस तलाउमा कञ्चन पानी भएको हुनाले त्यहा हाँसहरूले जलबिहार गर्दै घुमिरहेको दृष्य रोचक नै देखिन्छ । कपिलवस्तु र देवदहको बिचमा रत्नको रूपमा सिद्वार्थ राजकुमारको जन्म भएको थियो । मायादेवी आफ्नो कर्मघर छोडी जन्मघर जाने क्रममा लुम्बिनीमा रहेको सालको वृक्ष मुनी मायादेवीले झोलिएको सालको हाँगो समातेको अवस्थामा सिद्वार्थ राजकुमारलाई जन्म दिएकी थिईन् । माया देवीले दाहिने हातले सालको हांगो र देब्रे हातले सारीको छ्ऊ समातेको अवस्थामा सुसारेहरूको सहयोगबाट राजकुमारको जन्म भएको थियो । राजकुमारको जन्म मायादेवीको योनीबाट नभई उनको काखी मुनीबाट भएको विश्वास गरिएको छ । काखी मुनी प्वाल परेको दृष्य पनि कही कही देख्न सकिन्छ । गन्हाउने ठाउंबाट उनको जन्म हुन नसक्ने कुरा बौद्वमार्गीहरू विश्वास गर्दछन् । सिद्वार्थ राजकुमार जन्मेको १० दिनमा नै मायादेवीको मृत्यु भएको वर्णन गरिएको छ ।

सिद्वार्थ राजकुमारले जन्म लिईसकेपछि १०८ ब्राम्हणहरूको सहमतिअनुसार नामाकरण भएको थियो । उनको विवाह ३२ लक्षणले युक्त राजकुमारी यशोधरासंग भएको थियो । यशोधराबाट राहुल नामक एक छोराको जन्म भएको थियो । बौद्व धर्मको प्रचार प्रसारमा भारतीय मौर्य सम्राट अशोकको ठूलो देन रहेको पाईन्छ । दु:खको जड मानिस आफै हो । बुद्वको सम्पूर्ण ज्ञान त्रिपिटकको रूपमा छापिएको छ । मर्ने समयमा उनका करिव २ हजार शिष्यहरू रहेका थिए । ८४ हजार सुत्रको विकास भएको थियो । राजकुमारको हेरविचारमा उनकी सानी आमा गौतमीले गरेकी थिइन । सिद्वार्थ राजकुमार जन्म ने बित्तिकै ७ पाइला हिडेका थिए । प्रत्येक पाइलामा कमलको फूल फूल्यो । स्वर्गका राजा इन्द्रले पुष्प गुच्छा खसाली राजकुमारको भव्य स्वागत गरेको किंवदन्ती सुन्न पाईन्छ ।

त्यस बखतमा राजकुमारको प्रत्येक पाइलामा कमलको फूल फूलेको थियो । सिद्वार्थ राजकुमारको जन्मबाट नविन मार्गको उदय भयो । जुन मार्गले समाजलाई अगाडि बढाउन सहयोग पुग्न गयो । सिद्वार्थ राजकुमारले २९ वर्षको उमेर मा संसारिक मायामोहबाट टाढा रहनका लागि दरवार त्याग गर्न खोजे । राजशी पोशाक, राजशी खाना छोडी ज्ञान प्राप्तिका लागि वनवास गर्ने विचार गरे । रातको १२ बजे सारथीले तयार पारेको सेतो घोडामा चढि दरवार त्याग्न चाहे । तर, दरवारमा ४ ढोका रहेको थियो ति ४ रै ढोकामा भोटे ताल्चा लगाइएको थियो । ढोकामा सैनिकहरू तैनाथ थिए । तर, निस्कने समयमा सेनाहरू सबै निदाएको समय परेको हुनाले सहज भएके थियो । उनले माता पितालाई थाहा नै नदिइकन श्रीमती यसोधरा सुतिरहेको समयमा दाहिने गोडाको बुढी औंलाले नाइटोमा छोएर अब तिमी गर्भवति हुनेछौ भनि निस्के । केही समय पछि सिद्वार्थ राजकुमारको छोरो जन्म्यो ।

कसैले उनलाई आएर तपाईको छोरो जन्म्यो भनेर समाचार सुनाए । उनले सुन्ने बित्तिकै भने कि राहुल । राहुल भनेको बन्धनमा बांधिन आएको हो । त्यसरी दरवार त्याग गर्नुलाई महाभिनिष्क्रमण भनिन्छ । जसको शाब्दिक अर्थ हो । विश्वमा कसैले पनि गर्न नसकेको काम सिद्वार्थ राजकुमारले गरे । दरवार त्याग गरेको ६ वर्षपछि बोध गयाको बोधी वृक्ष मुनि बसेर उनले ज्ञान प्राप्त गरे । लामो समयसम्म कठोर जपतप गरे । उनको शरीर निकै कमजोर भयो । उनलाई गाली गलौज गर्ने पनि प्रशस्तै थिए । कतिपयले उनको मुखमा थुकी पनि दिए । तर, त्यसमा उनले कुनै प्रतिक्रिया पनि जनाएनन् । ज्ञान प्राप्त गरेको बिहानीपख पानी लिन आउने मानिसले देख्दा त उनको शरीर झलमल बत्ति बलेको जस्तो देखिएको थियो । त्यसपछि आफ्ना शिष्यहरूको साथ विभिन्न भूभागमा ज्ञानको प्रचार प्रसार गर्दै हिडे । त्यसक्रममा बाधा अवरोधहरू धेरै आए । तर, पनि उनी कहिल्यै निरास भएनन् । कुशीनगरमा पनि केहि समय बिताए । ८० वर्षको उमेरमा उनले आफ्नो पार्थिव शरीरलाई बिसर्जन गरे । विसर्जन गर्ने समयमा उनका अनुयायीहरू नजिकै थिए । वुद्वले सबैलाई नजिक बस्न अनुरोध गरे ।

एकदिन एउटा महिलाले उनलाई विषयुक्त परिकार बनाएर खान दिइन् । वुद्वलाई यो सबै कुरा थाहा थियो । तैपनि उनले त्यसलाई त्याग्न सकेनन् । विषयुक्त परिकार खाईसकेपछि आफ्ना चेलाहरूलाई आवश्यक पर्ने अन्तिम ज्ञान दिने काम गरे । सुतेको अवस्थामा नै देहत्याग गर्नु भयो । उनको अस्तुलाई विभिन्न देशमा लगियो । अस्तुको एक भाग आकाश मार्गबाट स्वर्ग गयो । एक भाग पाताल गयो । एक भाग विश्वका विभिन्न भागमा लगियो । जंगलमा गएर कठोर काम गर्नु सहज थिएन । उनले असम्भवलाई पनि सम्भव वनाई दिए । ज्ञान प्राप्त गरि विश्वलाई ज्ञानको ज्योतिले भरि दिनुभयो । भगवानमा १६ कला हुन्छ । तर, मनुष्यमा भने ५ देखि ८ कला मात्र हुन्छ । जो पायो त्यो मानिसले भगवानको अंश लिन सक्तैन । त्यसकारण भगवानले पृथ्वीको भार हटाउन विभिन्न रूपधारण गरि देखा पर्नु हुन्छ । हिन्दु धर्मग्रन्थहरूमा गौतम् बुद्वलाई भगवान विष्णुको नवौं अवतारको रूपमा देखा परेको विश्वास गरिन्छ । संस्कृतमा बुधको अर्थ ज्ञान हो ।

बुधमा प्रत्यय लागेर वुद्व शब्द बनेको हो । वुद्वको अर्थ हुन्छ । वुद्विमानी व्यक्ति । अज्ञानताबाट बचाउने काम भयो । शान्ति मार्गमा लगाउन प्रेरित गर्नुभयो । वुद्वको दर्शनलाई आत्मसात गर्नेहरू विश्वभरि फैलिएर बसेका छन् । जन्म हुनु, बुढो हुनु, मृत्यु हुनु, संयोग हुनु, वियोग हुनु सबै कुराहरू प्रकृतिको नियमभित्र पर्दछन् । काम, क्रोध, लोभ, मोह, अहंकार, ईर्ष्या नै दु:खका कारणहरू हुन् । माथि उल्लेखित कारणहरूबाट टाढा रहन सक्दा दु:खको भूमरीबाट बच्न सकिन्छ । भूमरीबाट बचेपछि शान्ति मिल्दछ । आशक्ति जाग्नु नै दु:ख हो । काम, क्रोध, लोभ, मोह, आशक्तिबाट नै अशान्ति जाग्दछ । वुद्वले प्रतिपादन गरेका अष्टागिक मार्गहरूलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

(१) संयक दृष्टि
(२) संयक संकल्प
(३) संयक वाचा
(४) संयक कर्म
(५) संयक समाधि
(६) संयक व्यायाम्
(७) संयक स्मृति
(८) संयक आजिविका आदि रहेका छन् ।

पञ्चशिलको माध्यम्बाट शिष्यहरूलाई शिक्षा दिनु भएको थियो । पञ्चशिलमा विशेषगरी चोरी नगर्नु, झुटो नबोल्नु, जवरजस्ति करणी नगर्नु, मद्यपान नगर्नु, काटमार नगर्नु सत्य कुराहरू रहेका छन् । मानव जातिलाई सत्मार्गमा लगाइएको हुनाले वुद्वलाई एसियाको ताराको उपाधिबाट सम्बोधन गरिएको छ । वुद्व जयन्तिको दिनमा मन्दिर, गुम्वा, बिहार, मठ, स्तुप, चैत्य आदिमा हिन्दु तथा बौद्वमार्गीहरूले पुजाआजा गर्दछन् । नेपालमा धार्मिक सहिष्णुता छ । दिपावली पनि गर्दछन् । वुद्वको शोभा यात्रा बिहारवाट प्रायः निकालिन्छ । वुद्वजयन्तिको समयमा श्रद्वालु भक्तजनहरूबाट गाइने मन्त्रहरू निम्न बमोजिम रहेको छ ।

बुद्वम् शरणं गच्छामी,
धम्मम् शरणम् गच्छामी
संघम् शरणम् गच्छामी

बुद्वको दर्शनलाई आत्मसात गर्नेहरू संख्या १०/२० करोड रहेको छ । सीता, वुद्वले जन्म लिएको नेपालको भूमि एकदम पवित्र छ । विश्वका अधिकांश मानिसहरू नेपालको भूमिमा पाइला टेक्न पाउंदा पापबाट मुक्त हुने विश्वास राख्दछन् । सिद्वार्थ राजकुमारको थर गौतम् हो । त्यसैले पनि गौतम् वुद्व भनिएको हो । वुद्वको जन्म इसापूर्व ५६३ हो भने निधन इशापूर्व ४८३ हो । वुद्व ८० वर्षसम्म बांचेका थिए । इशापूर्वको समय ठूलो अंकबाट सानो अंकमा घट्दै जान्छ । जब ० मा आईपुग्दछ । तब इस्वी सन् र विक्रम सम्वत्को शुरूवात हुन्छ । विदेश तथा नेपालमा बस्ने बौद्व धर्मावलम्बी दाजु/भाइ, दिदी/बहिनीहरूमा वि.सं.२०८२ सालको वुद्वजयन्तीको अवसरमा हार्दिक मंगलमय शुभकामना ॥

# फलफूल खाएर फोहोर नगरौं



**गोविन्द खड्का**

सातौं दिनको मानो मिसाउन गएको बेलामा सबैजसो कुर्सीका मुनि एकएकवटा कागजकाप्लेट देखिए । फाल्ने ठाउँ रहेनछ कि भनेर वरपर हेरें । उत्तर साइडमा डस्टविन राखिएको रहेछ । पानी खाएको प्लाष्टिकको गिलास र फलफूल खाएको कागजको प्लेट त्यहीं लगेर राखें । त्यसरी हरेक व्यक्तिले राख्ने हो भने भुई सफा देखिने थियो ।

दु:खमा साथ दिन, सहानुभूति जनाउन आएका आफन्त र इष्टमित्रलाई केही भनि हाल्नु शोभनीय होइन । त्योभन्दा बढी अशोभनीय त्यहाँको दृश्य देखिन्थ्यो । सभ्य, स्वस्थ, पढलेखेकाहरुकै बाहुल्य जस्तो लाग्थ्यो । भुईंमा फालिएका प्लाष्टिकका प्लेटले भने जंगली शैलीको झल्को दिन्थ्यो । जहाँ खायो त्यहीं खसाल्यो जंगलमा गरिन्छ । बसेकै ठाउँमा फोहोर फाल्नु त्यही जंगली शैली हो ।

नरिवलको पानी खाइसकेपछि वरपर डष्टविन देखिएन । बसेकै टेबुलमा छोडेर हिड्नु पनि निको लागेन । वरपर फाल्ने ठाउँ नदेखेपछि टेबुलमै बसालौं-बसालौं पनि लाग्यो । तैपनि मनले बसाल्न मानेन । यो खाएको कता फाल्ने हो ? मैले सोधि हालें, बाहिर छ अंकल त्यही राख्दिनुस् भनेर जवाफ आयो । अनि झसंग भएँ, धन्न टेबुलमै रस चुसेको नरिवल बसालेको भए मेरो बदनामै हुँदो रहेछ । भुलबाट बालबाल जोगिएको महसुस गरेर फलफूल पसलबाट निस्किएँ । एक हिसावले एउटा लडाईं जितेको महसुस भयो ।

हार जित आफूभित्रकै ठूलो लडाईं हो । आफू भित्र यति धेरै लडाईं हुन्छ कि हत्तपत्त निर्णय दिन नै सकिदैन । छरितो निर्णय लिन नसक्नु पनि आन्तरिक लडाईंको कारणले हो । एक मनले गरौं गरौं भन्छ । अर्को मनले नगर भन्छ । आफूलाई जितेपछि मात्रै निर्णयमा पुगिन्छ । कुनै पनि काम गरिन्छ । संसार जित्नेहरुले पहिला आफैलाई जितेका हुन्छन् । हार खाएको, थाकेको गलेको, असम्भव देखेको कारणले लल्याक लुलुक भएको कमजोर व्यक्तिले केही काम पनि गर्न सक्दैन । फोहोर भुईंमा फाल्ने कि गोजी वा डस्टविनमा भन्ने आफूभित्रको लडाईं पनि जित्नुपर्छ । फाल्नेले जिते भुईंमा बसालिन्छ । गोजी वा डस्टविनमा हाल्छु भन्नेले जिते व्यवस्थापन हुन्छ । हरेक मानिसले आफूभित्र लडेर भुईंमा फोहोर नफाल्ने मानसिकताले जित्नुपर्छ । जहाँ पायो त्यहीं फाल्नु अनुचित हो । यसो गर्नु हुन्न भन्ने धारणा बन्नुपर्छ ।

साथीले भेटौं भनेर आउनुभएको थियो, तीनजनामा एकजना बालिका हुनुहुन्थ्यो । उनले चिप्स रोज्नुभयो । चिप्स खाइसकेपछि खोल कता फाल्ने भन्नुभयो । उहाँको मम्मीले नालातिर सिकाई दिनुभयो । अनि मैले हत्तपत्त त्यता होइन ऊ त्यहाँ छ डस्टविन भनेर कार्टुनतिर औंल्याइदिएँ । नानुले त्यहीं गएर राख्नुभयो । यसको मतलव बाबा आमाले पनि सही ठाउँमा फाल्न नसिकाउने समस्या छ । बच्चाहरु फोहोर कहाँ फाल्ने भनेर सोध्ने भएका छन् । अभिभावकहरुले उचित ठाउँ सिकाउन सकेका छैनन् । जन्मेकालाई सही बाटो लगाउने जन्माउने र हुर्काउनेले हो । उनीहरु आफै फोहोर कहाँ फाल्ने भन्ने जानेनन् भने समाज पुरानै लयमा जान्छ । किन कि भावि पुस्तालाई भुईंमा फाल्न सिकाइन्छ । अब व्यवस्थापन जान्नैपर्छ ।

अब पानीका बोतल खोल्दाको सिल कहाँ फाल्ने ? यसको सही जवाफ हो कोटको खल्तीमा हाल्ने । कमिजको गोजी र पाइन्टको गोजीमा राख्ने । विवाह, पार्टी, मरु, बरु तथा भोज भतेरमा खाएका गिलास र कप कहाँ फाल्ने ? डस्टविन खोजेर हाल्ने यदि त्यो घर अबुझ रहेछ भने पनि सोध्ने । सोधेर भएन भने पनि कार्टुन होस् कि ढोक्रा भेटियोस् त्यसैमा बसाल्ने गर्नुपर्छ ।

सबैभन्दा समस्या झोलाका खोल नै देखिन्छन् । बाटो चोक-चौतारोमा सबैभन्दा धेरै संख्यामा यही हो । यसलाई तह लगाउने तरीका भनेको फाँको हालेर खोष्टा गोजीमा राख्ने नै हो । अब नाति नातिनाले सिकाउन थालेका छन् । उनीहरुले डस्टविनमा राख्न स्कूलबाट सिकेका छन् । उनीहरुले विद्यालयमा कक्षा कोठामा फोहोर नगर्न जानेका छन् । कतिपय स्कूलमा शिक्षकले फोहोर गरेको देखिन्छ । विद्यार्थीले सफा गरेको सबैजसो स्कूलमा भेटिन थालेको छ ।

बच्चाहरु सफा देखिन्छन् । वयस्कहरु लापरवाही गरेका छन् । उठ्ने, बस्ने, खाने सबैमा उस्तै-उस्तै देखिन्छ । चुरोट खान बच्चाले वयस्कबाट सिक्छ । बडो शानसित बाटोमा धुवाँ उडाउँदै युवा हिड्छन् । त्यो केही समयअघि शान देखिन्थ्यो अहिले निकै भद्दा र घटिया देखिन थालेको छ । मुखभरी झोला चबाउनेहरु शहरिया र सम्भ्रान्त जस्तो पनि लाग्यो यतिबेला अबुझ देखिन्छ । चट्ट परेको, पढलेख गरेको, जानेबुझेको व्यक्ति देखिन-लाई अरुलाई असर नपर्ने काम गरेको हुनुपर्छ । जतिसुखै जवाहारतले सजिसजावट भए पनि फोहोर व्यवस्थापन गर्न जानेन भने अयोग्य मानिन्छ । भरिपूर्ण देखिए पनि फोहोरी असभ्य व्यवहार दु:खद् हो ।

फोहोर फाल्न सजिलो छ तर उठाउन पैसा तिर्नुपर्छ । फोहोरलाई खसाल्दा पैसा तिर्नुपर्दैन तर टिप्दा महंगो छ । कसैको जुठो अथवा फोहोर मोफतमा उठाउनका लागि कोही जन्मेको छैन । शुल्क तिरेपछि मात्रै उसले टिप्ने हो । पैसा नतिरिकन फोहोर उठ्दैन । त्यो पनि महंगो हुँदै गएको छ । यसैले फोहोर घटाउन र व्यवस्थापन गर्न सिकौं ।

केही दिनअघि न्युरोडमा एउटा सिमेन्टको र एउटा चामलको बोरा, एउटा जेब्रा, एकदुईवटा कार्टुन, एउटा सेतो बोरामा आधा र प्लाष्टिकका दुईतीन पोका फोहोर सडक किनारामा लगेर राखिएको थियो । त्यो अफिस सर्दा निस्केको फोहोर रहेछ । त्यो फोहोर उठाउन एक हजारबाट बार्गेनिङ शुरु भएछ र छ सयसम्म झरेको थियो । कसैले एक महिना एक चोटि मात्रै फोहोर फाल्छ भन्दा पाउने कि नपाउने ? नि:शुल्क गाडीले फोहोर लैजाने कति हो ? कति मात्र भए अतिरिक्त तिर्ने भन्ने प्रश्न उठ्यो ।

यसले के देखाउँछ भने फोहोर बढी भयो भने अतिरिक्त शुल्क तिर्नुपर्ने रहेछ । यस विषयमा उपमहानगरपालिकाका सरसफाइ शाखा प्रमुखसँग पनि फोन सम्वाद भयो । उहाँले भनेअनुसार घर टहरा निर्माणका क्रममा निस्केको फोहोर उठाउन गाडी नै चाहिन्छ । उसले गाडी मगाएर त्यसको शुल्क तिरेर फोहोर उठाउन लगाउनुपर्छ । अन्य कारणले जम्मा भएको ठूलो मात्राको फोहर पनि अलग पैसा तिर्नुपर्छ । एउटा घरको फोहोरले गाडी भरिने स्थिति आयो भने उठाउँदैन । त्यस्तो अवस्थामा पनि ठेकेदार कम्पनीले गाडी पठाउँछ र शुल्क लिन्छ ।

अन्तत: छलफल चलिरहेको बेलामा सरसफाइ गाडी आयो र सबै त्यसैमा हाल्दा चालक केही बोलेनन् । यदि लैजान्न भनेको भए उहाँले तिर्नुपर्ने थियो । त्यो घटनामा तिर्नु नपरे पनि फोहोरको मात्रा बढी भए अतिरिक्त मूल्य तिर्नुपर्ने देखियो । मासिक सरसफाइ शुल्क बुझाउँदै आएका नागरिकले घरमा अलिक मात्रा बढेपछि थप रकम तिर्नुपर्ने भयो । यसको मतलव फोहोर बढाउन सजिलो छैन । फोहोर फाल्नु सजिलो छ उठाउनु महंगो छ । फोहोर घटाउन जान्नुपर्छ । व्यवस्थापनको क्षमता हुनैपर्छ ।

घरमा काम गर्ने मानिस पाइन छोडे । कसैलाई पैसा दिएर सफा गराउँछु भन्ने स्थिति पनि छैन । पैसाको लागि छिमेकीको फोहोर टिप्न कोही आउने वाला छैन । अरु काममा सघाउला तर फोहोर उठाउन आउँदैन । जति पैसा दिन्छु भने पनि उठाइदिनेवाला छैन । यति अमूल्य भइसक्यो । हेटौंडा उपमहानगरपालिकाले सरसफाइलाई ठेक्कामा दिइसक्यो । ठेकेदार कम्पनीले बढारि दिने वाला छँदैछैन । उसले गाडीमा दिएको बाहेक भुईंमा बसालेको फोहोर लैजान्न । यस्तो बेलामा जहाँ खायो त्यहीं खसाल्ने फोहोरी बानी हटेको छैन । धनी, पढेको, महंगा गहना पहिरेको, कुनै विदेशी फेसन लगाएको किन नहोस् फोहोर भुईंमा फाल्छ भने त्यो असभ्य हो । फोहोर देखिनु असभ्य हो भने फोहोर देखिने गरी फाल्ने मानिस असभ्य हो ।

पानीको बोतल किनेर खानेहरु फोहोरी नबनौं । सिल तोड्दा वा पानी रित्याएर जहाँ पायो त्यहीं नफालौं । कार्पेट गलैंचामा कोठा सजिनेहरु पनि फोहोरी नबनौं । त्यो च्यातियो भने जहाँ पायो त्यहीं नफालौं । प्लाष्टिकको प्याकिङ खोल्ने र खानेहरु पनि फोहोरी नहौं । खोष्टा र बोतलहरु जहाँतहीं नफालौं । सवारी साधनमा सवारहरुले झोला गुट्खा जे-जे खानेहरु भए पनि फोहोरी नबनौं । फाँको हाल्दै फुई धुवाँ उडाएपछि खोल नखसालौं । सभा, सम्मेलन, भेला, गोष्ठी, मलामी, जन्ती, मरु बरुमा जाने सभ्य एवं सामाजिक व्यक्तित्व फोहोरी नबनौं । फलफूल खाएर फोहोर नगरौं । फलफुल खानेस्तरका मानिस फोहोरी हुनुहुन्न । यसरी सबका सब सफा भए सरसफाइको चिन्ता छैन ।

*साभार : नयाँ युगबोध दैनिक*

*इनड्राइभको "प्लाटिनम ड्राइभर गिभअवे" क्याम्पेन*

# बिजेतालाई ईभी क्याब र ई-स्कुटर प्रदान




काठमाडौं/विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले 'प्लाटिनम ड्राइभर गिभ अवे' क्याम्पेनका विजेताहरूलाई एक विशेष समारोहबीच ग्राण्ड पुरस्कार हस्तान्तरण गरेको छ । उक्त अभियानमा ड्राइभर्स पार्टनर्सहरूको उत्साहजनक सहभागिता थियो ।

सन् २०२६ मार्च २ देखि मार्च २९ सम्म सञ्चालन गरिएको चार हप्ते क्याम्पेन, ड्राइभर्स पार्टनर्सहरूको कार्यसम्पादन तथा सेवा गुणस्तरका आधारमा निरन्तर 'प्लाटिनम' स्तर कायम राख्ने चालकहरूलाई सम्मान गरिएको हो ।

साप्ताहिक चुनौतीहरू, आकर्षक पुरस्कार तथा दुई प्रमुख ग्राण्ड पुरस्कारमार्फत् अभियानले इनड्राइभका उत्कृष्ट तथा प्रतिबद्ध ड्राइभर्स पार्टनर्सहरूलाई सम्मान गरिएको कम्पनीले जनाएको छ । पुरस्कार प्राप्त गर्ने चालकहरुमा क्याब चालक पेषल बुढाथोकी, बाइक चालक साम्देन तामाङ,बाइक चालक सरोज खतिवडा रहेका थिए ।

ग्राण्ड पुरस्कारका अतिरिक्त, अभियानअन्तर्गत् थप चालक साझेदारहरूलाई सम्मान गर्न साप्ताहिक पुरस्कारहरूको ब्यवस्था गरेबमोजिम १६ जनालाई सामसुङ मोवाईल फोन र ४ जनालाई स्टेकेशन प्याकेज प्रदान गरिएको थियो ।

पुरस्कार ग्रहण गर्दै विजेता चालक पेषल बुढाथोकीले हाम्रो मेहनत र समर्पणलाई मान्यता दिएकोमा इनड्राइभप्रति आभार ब्यक्त गरे । 'प्लाटिनम' स्तर कायम राख्नु निरन्तर अनुशासन र यात्रु सन्तुष्टि प्रतिको प्रतिबद्धतासंग जोडिएको हुनाले र यसले आगामी दिनमा अझ राम्रो सेवा दिन प्रेरणा दिएको छ ।"

त्यसैगरी बाइक चालक सरोज खतीवडाले "यो पुरस्कार जित्नु मेरो लागि गर्वको विषय हो । अभियानले मलाई अझ राम्रो प्रदर्शन गर्न र सेवा स्तर कायम राख्न प्रेरित गर्‍यो ।" पुरस्कार जित्नु मेरो र मेरो परिवारका लागि खुशीको क्षण भएको छ ।

इनड्राइभ नेपालकी सिनियर ड्राइभर अपरेसन स्पेसलिष्ट सुनिता जीमी राईले विजेताहरूलाई बधाई दिँदै भनिन् "हाम्रा ड्राइभर्स पार्टनर्सहरू इनड्राइभको सफलताको मुख्य आधार हुनुहुन्छ, उहाँहरूको समर्पणलाई सम्मान गर्ने उद्देश्यले 'प्लाटिनम ड्राइभर गिभअवे' अभियान सञ्चालन गरिएको हो । यस पहलले चालक-हरूको जीवनमा सकारात्मक प्रभाव पार्दै उहाँहरूको आयआर्जनमा प्रत्यक्ष सहयोग पुगेको देख्दा हामी ज्यादै उत्साहित छौं।' उनले अगाडि भनिन्, आगामी दिनहरूमा पनि चालक साझेदारहरूको हितमा यस्ता अर्थपूर्ण कार्यक्रमहरू क्रमश ल्याउदै जाने हाम्रो प्रतिबद्धता रहनेछ ।

साथै, बढ्दो सञ्चालन खर्चलाई मध्यनजर गर्दै २०२६ अप्रिल १५ देखि लागू हुनेगरी २७ लाख रुपैयां बराबरको इन्धन सहयोग कार्यक्रम पनि हामीले सञ्चालनमा ल्याएको छौं । चालकहरूको सक्रियता र कार्यसम्पादनका आधारमा वितरण गरिएको उक्त सहयोगले प्लेटफर्ममा निर्भर चालकहरूलाई लक्षित आर्थिक राहत प्रदान गर्नेछ ।

इनड्राइभका लागि चालकहरू केवल साझेदार मात्र नभई हाम्रो समुदायको एउटा गतिलो आधार स्तम्भ पनि भएकोले उहाँहरूको योगदानको सम्मान गर्दै निष्पक्षता र स्वतन्त्र रोजाइमा आधारित प्लेटफर्म निर्माण गर्दै अघि बढ्नु नै हाम्रो प्रमुख लक्ष्य हुनेछ राईले भनिन् ।

# बालविवाह अन्त्यमा सहकार्य गर्न सरकार सकारात्मक मन्त्री बादी



हेटौंडा/बालविवाह अन्त्यका लागि सक्रिय राष्ट्रिय सञ्जाल बालिका दुलही होईनन् नेपाल (जिएनबी नेपाल) ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै "बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८२" को प्रभावकारी कार्यान्वयनका विषयमा आग्रह गरेको छ ।

जिएनबी नेपालका अध्यक्ष प्रकाश खतिवडाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सिंहदरबारस्थित मन्त्रालयमा माननीय मन्त्री सीता बादीसमक्ष उक्त ध्यानाकर्षण पत्र बुझाएको हो । सो अवसरमा जिएनबी ग्लोबलका तर्फबाट सृष्टि कोलक्षपतीले बालबिबाह अन्त्यको लागी गरिएको प्रयासको बारेमा बताउँदै बालविवाह अन्त्यका लागि मन्त्रालयसंग समन्वय र सहकार्य आवश्यक रहेको बताए ।

जिएनबी नेपालकी महासचिव सबिना भण्डारीले संस्थागत परिचय तथा कार्यक्रम सहजिकरण गरेकी थिईन् । ध्यानाकर्षण पत्रमा सन् २०३० सम्म नेपालमा बालविवाह अन्त्य गर्ने राष्ट्रिय प्रतिबद्धता हासिल गर्न राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश तथा स्थानीय बाल अधिकार समितिहरूलाई नेतृत्वदायी, जवाफदेही तथा अनुगमनकारी भूमिकामा सक्रिय बनाउनुपर्ने, तथ्याक्त प्रणाली सुदृढ गर्नुपर्ने, समयबद्ध कार्यतालिका र प्रगति सार्वजनिक गर्नुपर्ने, प्रदेश र स्थानीय तहमा बजेट सुनिश्चित गर्नुपर्ने, लैगिक रूपान्तरणकारी दृष्टिकोणसहित बहु-क्षेत्रीय सहकार्य बढाउनुपर्नेलगायतका सात बुंदे सुझाव समेटिएका छन् ।

ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री बादीले बालविवाह अन्त्य जस्तो गम्भीर सामाजिक समस्यामा जिएनबी नेपालको निरन्तर प्रयासको सराहना गरिन् । सरकारले गर्नुपर्ने काममा सहयोगी भूमिका निर्वाह गर्दै नीतिगत वकालत गरेकोमा धन्यवाद ज्ञापन गर्दै मन्त्रालय सरकारका कार्यक्रम र नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न जिएनबी नेपालसंग सहकार्य गर्न तयार रहेको बताईन् । उनले बालविवाह अन्त्यका लागि यसको मूल कारणमा काम गर्नुपर्ने र लैगिक रूपान्तरणको क्षेत्रमा विशेष ध्यान दिनुपर्ने धारणा राखेकी थिईन् ।

भेटघाटमा जिएनबी नेपालका निवर्तमान अध्यक्ष निरिजना भट्ट, निवर्तमान उपाध्यक्ष सुनिल यादव, सदस्य संस्था आवाजकी कार्यकारी निर्देशक पवित्रा शाही, सचिवालय प्रबन्धक इलावती केशी तथा लुनिभा सचिवालय प्रतिनिधी सुचित्रा थापाको सहभागिता रहेको थियो ।

जिएनबी नेपालले सरकार सँगको सहकार्यलाई अझ सुदृढ बनाउंदै बालविवाहमुक्त नेपाल निर्माणका लागि निरन्तर नीतिगत वकालत, सामाजिक सचेतना र समुदायस्तरका कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता जिएनबि नेपालको अध्यक्ष प्रकाश खतिवडाले बताए ।

### अध्यादेश जारी गर्ने सरकारको निर्णय असंसदीय

काठमाडौं/विपक्षी दलहरुले सरकारले संसद् छल्ने उद्धेश्यले अध्यादेश ल्याएको आरोप लगाउँदै अध्यादेशहरु तत्काल फिर्ता लिन माग गरेका छन् । बुधबार सिंहदरबारमा बसेको विपक्षी दलको बैठकले यस्तो माग गरेको विपक्षी दलका नेता नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले बताएका हुन् । उनले संसद्को अधिवेशन आह्वान गरेलगत्तै स्थगन गरेर अध्यादेश ल्याउनु असंसदीय र अलोकतान्त्रिक कदम भएको भन्दै भर्त्सना र निन्दा गरे ।

सरकारले बैशाख १४ गते संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकारसम्बन्धि ऐन, २०६६ र सहकारी ऐन, २०७४ लाई संशोधन गर्न दुई अध्यादेश तथा बैशाख १५ गते स्वास्थ्य विज्ञान प्रतिष्ठान, केही नेपाल कानुन संशोधन र विश्वविद्यालयसम्बन्धि अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । ती सबै अध्यादेश संसद् छल्ने उद्धेश्यले सिफारिस गरिएको भन्दै विपक्षी दलहरुले अध्यादेश स्वीकृत नगर्न राष्ट्रपतिसमक्ष आग्रहसमेत गरेको नेता आङ्देम्बेको भनाइ छ ।

उनले भने-नेपाल सरकारले यही बैशाख १४ गते संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धि ऐन २०६६ र सहकारी ऐन, २०७४ लाई संशोधन गर्ने ऐन गरी दुई वटा अध्यादेश तथा बैशाख १५ गते स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धि अध्यादेश, केही नेपाल कानुन संशोधन गर्न बनेको अध्यादेश र विश्वविद्यालयसम्बन्धि अध्यादेश जारी गर्ने निर्णय गरी सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो। संसद्को अधिवेशन आह्वान गरेलगत्तै स्थगन गरी यसरी अध्यादेश ल्याउनु घोर असंसदीय र अलोकतान्त्रिक कदम भएकोले हामी घोर विरोध, भर्त्सना र निन्दा गर्दछौं । सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस भइगएका अध्यादेशहरु संसद् छल्ने उद्धेश्यसाथ सिफारिस भइ आएकाले स्वीकृत नगर्न सम्माननीय राष्ट्रपतिसमक्ष हार्दिक अनुरोध गर्दछौं ।

# अर्थतन्त्रको आकार उपभोक्ता मूल्यमा ६६ खर्ब पुग्ने




काठमाडौं/चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत् बढ्ने प्रारम्भिक अनुमान गरिएको छ । यो उपभोक्ता मूल्यमा गरिएको अनुमान हो । आधारभुत मूल्यमा भने वृद्धिदर ३.६८ प्रतिशत्मात्र हुने अनुमान छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार आधारभुत मूल्यको आर्थिक वृद्धिदर आव २०८१/०८२ मा ३.८० प्रतिशत् हुने संशोधित अनुमान छ भने आव २०८०/०८१ मा ३.३८ प्रतिशत् कायम भएको देखिएको छ ।

उपभोक्ता मूल्यमा आर्थिक वृद्धिदर आव २०८१/०८२ मा ४.४३ प्रतिशत् हुने संशोधित अनुमान छ भने आव २०८०/८१ मा ३.६८ प्रतिशत् कायम भएको छ । कार्यालयका अनुसार अर्थतन्त्रको आकार उपभोक्ता मूल्यमा ६६ खर्ब पुग्ने अनुमान छ । अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा अर्थतन्त्रको आकार ६१ खर्ब ९९ अर्ब रहेको संशोधित अनुमान गरिएको छ । त्यसअघिको आवमा अर्थतन्त्रको आकार ५७ खर्ब ६० अर्ब थियो ।

यसअघि विश्व बैंक, एसियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले चालु आवमा नेपालको आर्थिक वृद्धिदर यसभन्दा कम हुने प्रक्षेपण गरेका थिए। राष्ट्रिय तथ्यांक कार्यालय प्रमुख तथ्यांक अधिकृत डा. कमलप्रसाद पोखरेलले नेपालको र अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र एसियाली विकास बैंकको तथ्यांक मापन गर्ने विधिमा केही भिन्नता देखिएका कारण फरक तथ्यांक आएको बताए ।

कार्यालयका अनुसार चालु आवमा कृषि क्षेत्रको वृद्धिदर १.५८ प्रतिशत् र गैरकृषि क्षेत्रको ४.५४ प्रतिशत् हुने प्रारम्भिक अनुमान छ। आव २०८१/०८२ मा कृषिक्षेत्रको वृद्धिदर ३.०५ प्रतिशत् तथा गैरकृषि क्षेत्रको वृद्धिदर ४.१२ प्रतिशत् रहने संशोधित अनुमान गरिएको छ। आव २०८०/०८१ मा कृषिक्षेत्रको वृद्धिदर ३.१० प्रतिशत् तथा गैरकृषि क्षेत्रको वृद्धिदर ३.४९ प्रतिशत् कायम भएको छ । औद्योगिक क्षेत्रलाई प्राथमिक, द्वितीय र सेवा क्षेत्र गरी तीन समूहमा विभाजन गरेर हेर्दा चालु आवमा यी क्षेत्रको वृद्धिदर क्रमशः १.६३ प्रतिशत्, ५.७७ प्रतिशत् र ४.२१ प्रतिशत् हुने प्रारम्भिक अनुमान गरिएको छ ।

गत आवमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमश: ३.०१ प्रतिशत्, ३.४० प्रतिशत् र ४.३६ प्रतिशत् थियो। त्यसअघिको आवमा क्रमश: ३.११ प्रतिशत्, ०.०६ प्रतिशत् र ४.४९ प्रतिशत् कायम भएको बताइएको छ। कार्यालयका अनुसार चालु आवमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा क्रमश: २४.५ प्रतिशत्, १३.७ प्रतिशत् र ६१.८ प्रतिशत् योगदान पुर्‍याउने प्रारम्भिक अनुमान छ। गत आवमा यस्तो प्रतिशत् क्रमश: २५, १३.२ र ६१.८ रहेको संशोधित अनुमान छ भने त्यसअघिको आवमा क्रमश: २४.९ प्रतिशत्, १३.१ प्रतिशत् र ६१.९ प्रतिशत् योगदान पुगेको छ ।

कार्यालयका अनुसार अन्तर्राष्ट्रिय प्रचलनमा वस्तु तथा सेवा उत्पादनका क्रियाकलापलाई २१ वटा मुख्य क्रियाकलापमा वर्गीक-रण गरेर हेरिने गरिए पनि नेपालमा १८ किसिमबाट वर्गीकरण गरी हेरिएको छ । त्यसअनुसार चालु आवमा कुल मूल्य अभिवृद्धिको सबभन्दा धेरै वृद्धिदर विद्युत् तथा ग्यास क्षेत्रमा हुने अनुमान छ। यस क्षेत्रमा २०.९३ प्रतिशत् वृद्धि हुने अनुमान हो । यसपछि वित्तीय तथा बीमा ९.१६ प्रतिशत्ले दोस्रो धेरै वृद्धि गर्ने क्षेत्रका रुपमा छ। चालु आवमा सबभन्दा कम सार्वजनिक प्रशासन तथा सुरक्षा क्षेत्र ०.२३ र शिक्षाक्षेत्र १.५ प्रतिशत्मात्र वृद्धि हुने अनुमान गरिएको छ।

चालु आवमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा सबभन्दा धेरै कृषि, वन तथा मत्स्य क्षेत्रले २४.०३ प्रतिशत् र व्यापार क्षेत्रले १४.०९ प्रतिशत् योगदान गर्ने अनुमान छ । सबभन्दा कम योगदान पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन ०.४० र खानी तथा उत्खनन् ०.४३ प्रतिशत् र हने अनुमान गरिएको छ। कार्यालयका अनुसार कृषिक्षेत्रमध्ये धानको उत्पादन घट्नु र सरकारी पुँजीगत् खर्च नबढ्नुले अर्थतन्त्रमा नकारात्मक चाप पारेको देखिन्छ । ऊर्जा उत्पादनमा भएको वृद्धि र रेमिटेन्सको प्रवाहले अर्थतन्त्रलाई गति दिन मुख्य भूमिका खेलेको छ।

बिगतमा ऋणात्मक वृद्धि व्यहोरेको उत्पादनमूलक उद्योग क्षेत्रमा २.८३ प्रतिशत् सुधार आउने अनुमान छ । सिमेन्ट, फलामे रड, जुत्ता, चप्पल र तेलजस्ता वस्तुको उत्पादन र माग बढेकाले उद्योग क्षेत्रले लय समात्न थालेको हो । निर्माण क्षेत्रको वृद्धि २.२१ प्रतिशत्मा मात्र सीमित रहने देखिएको छ, जसको मुख्य कारण सरकारले अपेक्षितरुपमा पुँजीगत् खर्च गर्न नसक्नुलाई मानिएको छ । जीडीपीमा ६१.८ प्रतिशत् ठूलो हिस्सा ओगट्ने सेवाक्षेत्रमा ४.२१ प्रतिशत् वृद्धि हुने अनुमान छ । सेवाक्षेत्रभित्रका प्रमुख उतारचढावमा वित्तीय तथा बीमा क्षेत्र छन् । बैंकहरुको निक्षेप र कर्जाप्रवाहमा भएको वृद्धिका कारण यस क्षेत्रले ९.१६ प्रतिशत् उच्चवृद्धि हासिल गरेको छ।

इन्टरनेटको विस्तार र कम्प्युटर प्रोग्रामिङ सेवामा आएको बढोत्तरीले यस क्षेत्रमा ५.५३ प्रतिशत् सुधार देखिएको छ । पर्यटक आगमनमा भएको वृद्धिका कारण यातायात क्षेत्रमा ५.७९ प्रतिशत् र आवास तथा भोजन सेवामा ३.१२ प्रतिशत् वृद्धि हुने प्रक्षेपण छ।

सरकारी विद्यालयमा विद्यार्थी संख्या घट्नु र सरकारी खर्चमा कटौती हुनुले शिक्षाक्षेत्रको वृद्धि १.५० प्रतिशत्मा रोकिएको छ। सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रमा सबभन्दा न्यून ०.२३ प्रतिशत्मात्र वृद्धि हुने अनुमान छ । यस वर्ष अमेरिकी डलरको सटही दरमा भएको वृद्धिका कारण डलरको हिसाबमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ५ सय १३ डलरमा झरेको छ । यो अघिल्लो वर्ष १ हजार ५ सय १६ डलर थियो । तर, यस वर्ष रेमिटेन्सको हिस्सा जीडीपीको ३३.०२ प्रतिशत् पुग्ने देखिएको छ । यसकै कारण नेपालीको खर्च गर्ने क्षमता बढेको छ। प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय २ हजार ४४ अमेरिकी डलर पुग्ने कार्यालयको अनुमान छ । कार्यालयका अनुसार नेपालको अर्थतन्त्र अझै पनि उपभोगमुखी देखिएको छ । कुल गार्हस्थ्य उत्पादनको ९०.२९ प्रतिशत् हिस्सा अन्तिम उपभोग खर्चमा जाने गरेको छ । कार्यालयका अनुसार कुल गार्हस्थ्य बचत जीडीपीको जम्मा ९.७१ प्रतिशत्मात्र छ ।

वाह्य क्षेत्रबाट प्राप्त हुने आय (रेमिटेन्ससमेत) समावेश गर्दा कुल राष्ट्रिय बचत भने ४४.७७ प्रतिशत् पुग्ने देखिएको छ । यस तथ्यांकले नेपालको लगानीको आधार आन्तरिक उत्पादनभन्दा पनि वाह्य आम्दानीमा बढी निर्भर रहेको देखाएको छ।

चालु आर्थिक वर्षमा कुल स्थिर पुँजी निर्माण २६.२६ प्रतिशत् रहने अनुमान छ । कुल पुँजी निर्माणमा निजीक्षेत्रको योगदान ७३ प्रतिशत् र सरकारी क्षेत्रको योगदान १९ प्रतिशत् रहने देखिएको छ। बाँकी ८ प्रतिशत् हिस्सा मौज्दात परिवर्तनले ओगटेको छ । वैदेशिक व्यापारको अवस्था भने अझै चुनौतीपूर्ण छ । वस्तु तथा सेवाको निर्यात जीडीपीको ९.९७ प्रतिशत्मात्र रहँदा आयात भने ३४.५२ प्रतिशत् पुग्ने अनुमान छ । यसले गर्दा खुद निर्यात १६ खर्ब २० अर्बले ऋणात्मक रहने देखिएको छ।

व्यापार घाटा अर्थतन्त्रका लागि अझ पनि ठूलो चुनौतीका रुपमा छ। नेपालको अर्थतन्त्रमा रेमिटेन्सको भूमिका झन् बलियो बन्दै गएको छ। यस वर्ष वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिटेन्स कुल गार्हस्थ्य उत्पादनको ३३.०२ प्रतिशत् पुग्ने प्रारम्भिक अनुमान छ । अघिल्लो वर्ष यो २७.८० प्रतिशत् थियो । क्षेत्र सन्तुलनमा केही सहजता भए पनि यसले परनिर्भरता बढेको संकेत गरेको छ । यसको सहजिकरणको लागि सरकारले आगामी बजेटमा सबै पक्षलाई समेटने गरी योजनाहरु अघि बढाउनु पर्नेछ ।

# नेपाली फोटो पत्रकारहरू बंगलादेशमा

वीरगञ्ज/राष्ट्रिय फोटो पत्रकार समूह नेपालका अध्यक्ष प्रदीपराज वन्तको अध्यक्षतामा नेपाली फोटो पत्रकारहरूको टोली बंगलादेश भ्रमणमा गएको छ ।

भ्रमणका क्रममा बंगलादेशको चटगाावस्थित पतेंगा समुन्द्र किनारमा आयोजित कार्यक्रममा अध्यक्ष वन्तसहित नेपाली फोटो पत्रकार हरूलाई सम्मान गरिएको छ।

चटगााव फोटो जर्नालिस्ट एसोसिएसनका अध्यक्ष मुस्ताफिजुर रहमानसहितका पदाधिकारीहरूले नेपाली टोलीलाई सम्मानस्वरूप क्रेस्ट प्रदान गरेका हुन् । नेपाली टोलीले पनि आभारस्वरूप सम्मान क्रेस्ट आदानप्रदान गरेको थियो ।

कार्यक्रममा सहभागीहरूले भ्रमणको सफलताको कामना गर्दै नेपाल-बंगलादेशबीच फोटो पत्रका-रितामार्फत सहकार्य र सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गरेका थिए।

उक्त अवसरमा बंगलादेश फोटो जर्नालिस्ट एसोसिएसन (BPJ) का वरिष्ठ फोटो पत्रकारहरूले नेपालको र बंगलादेशको राजनैतिक अवस्थाको बारेमा बृहत छलफल गरेका थियो ।

*क्लासिक टेकको नया अफर*

# १ वर्ष जोड्नुस, ४ वर्ष हेर्नुस्




देशकै अग्रणी तथा ठुलो इन्टर नेट सेवा प्रदायक कम्पनी क्लासिक-टेकले "एक वर्ष जोड्नुस ४ वर्ष हेर्नुस्" अफर सार्वजनिक गरेको छ । यस अफरमा अब ग्राहकहरूले ३०० एम.बि.पि. एस. उच्च गतिको इन्टर-नेट र आइपी टि. भि. जडानमा ४ वर्षसम्म आइपी टि. भि. सेवाका साथै वाइफाई सिक्स राउटर पनि नि:शुल्क पाउने भएका छन् ।

दैनिक प्रतिदिनको मात्र रु. ४० का दरमा यो अफर बार्षिकरुपमा जडान गर्न सकिने जनाएको छ । एच. डि. तथा एस.डि. प्रिमियम टिभी च्यानलमा इतिहासदेखि मनोरञ्जन बालबालिका-लगायतका खेलकुदसम्मका सयौं टिभि च्यानलहरू समाबेश गरिएको कम्पनीको दावी छ । जसको मूल्य रु. ५०० प्रतिमहिना पर्न आउने तर अफरमा लिंदा भने प्रतिमहिना मात्र रु. २०३ मा पाईने कम्पनीको दावी छ, जसले गर्दा कुल ३ वर्ष टिभी बोनसमा ग्राहकलाई ७ हजार तीनसय बराबरको फाइदा हुने कम्पनीले अफर सार्वजनिक गरेको छ । कम्पनीका अनुसार ग्राहकको तिब्र आवश्यकता लाई मध्येनजर गर्दै १ वर्ष इन्टरनेट तथा आइपी टि.भि. जडानमा ३ बर्षे नि:शुल्क आइपी टि. भि. सेवा अफर सार्वजनिक गरेको हो ।

कम्पनीले यो अफरको बारेमा थप जानकारीका लागि क्लासिकटेकको नजिकको शाखा कार्यालय वा ९७०९१८४१४७ मा फोन गर्न वा www.classictech.com.np मा सम्पर्क गर्न सकिने जनाएको छ ।

## हकदावीसम्बन्धि ३५ दिने सार्वजनिक सूचना

*निवेदक: राम बहादुर भुलुन (छोरा)* *जग्गावाला: डम्बर सिं तामां (बुवा)*

जिल्ला मकवानपुर साबिक हटिया गाविस वडा नं. ६ को तपशिल बमोजिमका जग्गाको साविक भोग लगत बड्कुले अव्यवस्थित मौजाको रैति नं. ९ को रैति जग्गाधनी डम्बर सिं तामाङको नाममा कायम रहेका र हाल सर्वे नापसमेत डम्बर सिं तामांको नाममा फिल्डबुक कायम भई दर्ता गर्न छुट भएकोमा निज जग्गावाला डम्बरसिं तामां भन्ने डम्बर सिं भलुनको मिति २०३४/१२/२१ मा मृत्यु भएको र निजकी एक मात्र पत्नी कान्छी माया भुलुनको पनि मिति २०३३/०७/२९ मा मृत्यु भईसकेको र निजहरुबाट तीन छोराहरु जेठो अम्बरसिं भुलुन भएकोमा निजको पनि मिति २०५०/११/०४ मा मृत्यु भएको र निजकी एक मात्र पत्नी माइलीमाया भुलुनको पनि मिति २०४८/१०/१५ मा मृत्यु भएकोमा निजहरुको हकखाने एक मात्र विवाहित छोरी जुठी भुलुन भएको, माहिलो छोरा सानुकान्छा भुलन भएकोमा निजको जन्मदर्ता तथा नागरिकता नै नबनाई ९ बर्षको उमेरमा २०२२ सालदेखि बेपत्ता भएको भनि मकवानपुर जिल्ला अदादतबाट मिति २०८२/१२/१८ मा मृत्युको न्यायीक घोषण प्रमाणित भई आएको र कान्छो छोरा रामबहादुर भुलन भएकोमा उल्लेखित जग्गाको हकखाने जिवित हकदारहरु कान्छो छोरा रामबहादुर भुलुन र जेठो छोराकी विवाहित छोरी जुठी भुलन भएता पनि नजिकका हकदार निवेदक रामबहादुर भुलुनले नै उल्लेखित जग्गा साविकदेखि हालसम्म निरन्तर भोग चलन गरी हकभोग गर्ने निवेदक राम बहादुर भुलुनको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ हेटौंडा उपमहानगरपालिक १८ नम्बर वडा कार्यालयको च.नं. १९६२ मिति २०८२/०९/१७ को हकभोग, हकदार तथा डम्बरसिं भुलुन र डम्बरसिं तामां फरक-फरक व्यक्ति नभई एकै व्यक्ति भएको व्यहोरासमेत खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रहरु, मकवानपुर जिल्ला अदालतको मृत्युको न्यायिक घोषणापत्र प्रमाणपत्र, साविक लगत, फिल्डबुक उतार तथा नक्सासमेत संलग्न राखी द.नं. २२८ मिति २०८२/०९/२३ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशितत गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको मागदावीबमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकको नाममा मागदावी सत्य नभई झुठा भए वा निवेदक तथा मञ्जुरीकर्ताहरु बाहेक अन्य कोही हकदारहरु भए वा निबेदकबाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वामित्वलगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदी, खहरे र भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी मितिले पैंतीस (३५) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी/उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन।

**तपशिल :**

| सि नं. | फिल्डबुकको व्यहोरा : | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | फिल्डबुकवाला | साविक गाविस/न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.बि. | कैफियत/ निवेदक | |
| १. | डम्बर सिं तामां पं.हटिया वडा नं.-६ बुवा: ओकनी बाजे : बिर बल | हटिया | ६ | ४५३ | ०-९-२ | राम बहादुर भुलन | जि.म. हटिया बड्कुले अव्यवस्थित ९ नं . रैति डम्बर सिं तामां |


**श्री मालपोत कार्यालय, मकवानपुर**








## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थान: रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# शिक्षामा 'छलाङ मार्ने' चाहना हुनसक्छ प्रत्युत्पादक

सन्देश संवाददाता

हेटौंडा/सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धि एक सय कार्यसूचीको बुँदा–३ मा राष्ट्रिय प्रतिबद्धतामा विद्यालय शिक्षालाई क्रमश: नि:शुल्क बनाउँदै लैजाने घोषणा गरिएको छ। विद्यालय शिक्षालाई क्रमश: अनिवार्य र नि:शुल्क बनाउँदै पूर्वप्राथमिक शिक्षासहित सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गरिने उक्त प्रतिबद्धतामा जनाइएको छ।

सरकारले त निजीक्षेत्रका विद्यालयहरुलाई बन्द गर्ने योजना सार्वजनिक गरेको छ। नेपालको सन्दर्भमा यस घोषणा निकै लोकप्रिय भए पनि लागु गर्न भने निकै असम्भव लाग्छ। विद्यालयमा भएको लगानी, त्यहाँ कार्यरत् जनसंख्या, प्राप्त रोजगारी र उपयुक्त शिक्षाको आधार तयार नगरी राजधानीका सडक खाली गरेजस्तो सजिलो यस योजना देखिँदैन। बैंकहरुसँग ऋण लिएर अधिकांश विद्यालय सञ्चालकहरुले भौतिक पूर्वाधार तयार पारेका छन् र त्यसको जिम्मा सरकारले लिने हो भने खर्बौंको अतिरिक्त व्ययभार लिनुपर्ने हुन्छ।

सरकारको फरकफरक निर्णयले निजी विद्यालय आजित भएका छन्। प्रधानमन्त्री कार्यालयको निर्देशनमा शिक्षा मन्त्रालयले निर्देशन दिने गरेको छ। हरेक दिनजसो निर्देशन आउने गरेको छ, तर निर्देशन पालना भए/नभएको अनुगमन छैन। मन्त्रालयले साना र मझौला विद्यालयलाई प्रभाव पर्ने गरी गरेको फरक निर्णयले तिनीहरुको अस्तित्वमै संकट देखापर्न थालेको छ। केही गरेर देखाउने हुटहुटीले सरकारलाई सबै क्षेत्रमा देखिने गरी उपस्थिति जनाउन हतार हुनु अस्वभाविक होइन। कतिपय अवस्थामा छलाङ मार्ने सरकारी चाहना राष्ट्रका लागि प्रत्युत्पादक बनेको छ र यसको ज्वलन्त उदाहरण पनि शिक्षा क्षेत्र नै हो। अरु क्षेत्रमा गरिने नीतिगत् गल्ती सामान्य हानिपछि सच्याउन सकिन्छ। तर, शिक्षामा गरिने गल्तीले पुस्तौंसम्म क्षति पुग्छ।

सरकारले प्रतिबद्धतामार्फत् निजी र सरकारी विद्यालयबीच रहेको गुणस्तरको खाडललाई न्यूनीकरण गर्न सरकारी विद्यालयको गुणस्तर सुधार गरिने र निजी विद्यालयलाई सेवामुखी बनाउन नीतिगत् सुधार गर्ने उल्लेख छ। निजीक्षेत्रद्वारा प्रदान गरिँदै आएको शिक्षालाई थप सेवामुखी, उत्तरदायी र गुणस्तर केन्द्रित बनाउन समग्र पुनरावलोकन तथा नीतिगत् सुधार गरिने बताइएको छ। सरकारले दिएको निर्देशनभन्दा बढी अव्यवहारिक हस्तक्षेपको सन्देहले निजी विद्यालय सञ्चालकहरु बढी झस्किएको पाइन्छ। विद्यार्थी र अभिभावक अन्यौलमा छन्।विगतमा पनि सरकार गठन हुनेबित्तिकै निजी विद्यालयमा हस्तक्षेप हुने गर्थ्यो। यस सरकार पनि अपवाद बन्न सकेन। शिक्षा तथा संस्कृति मन्त्रालयले निजी विद्यालयहरुलाई दोहोरो शुल्क नलिन, असुल गरिएको शुल्क फिर्ता गर्न र शुल्क संरचना सार्वजनिक गर्न निर्देशन दिएको थियो। यस्तो निर्देशन दिँदा सरकारले सर्वोच्च अदालतको आदेशलाई समेत उद्धृत् गरेको छ।

सार्वजनिक भनिने सरकारी विद्यालयहरुको सुधारमा भन्दा सधैं नै सरकारको विशेषगरि नयाँ सरकारको ध्यान निजी विद्यालयको नियमनमै जाने गरेको देखिन्छ। निजी विद्यालयमा राज्यको लगानी शून्य प्राय: हुने हुनाले सरकारले धेरै हस्तक्षेप गर्नु मनासिब हुँदैन। यसै पनि अभिभावकहरुले स्वेच्छाले नै आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गराउने हुन्। यो सरकारी हस्तक्षेपको भन्दा विद्यालय र अभिभावकबीचको विषय हो। सरकारसँग कुनै पक्षले आग्रह नगर्दासम्म हस्तक्षेप गर्नु प्राकृतिक न्यायका दृष्टिबाट पनि उचित हुँदैन।

नेपालका अपेक्षाकृत ढिलो सुरु भएको विद्यालय शिक्षाको विकास र विस्तारमा सरकारीभन्दा सामुदायिक प्रयासको योगदान बढी छ। तर, शिक्षाको पञ्चायतीकरण गर्न राष्ट्रिय शिक्षापद्धतिका नाममा सबै सामुदायिक विद्यालयहरुको राष्ट्रियकरण गरियो। त्यसपछि ह्रासोन्मुख हुन पुगेको सामुदायिक विद्यालयको गुणस्तर हालसम्म सन्तोषजनक हुन सकेको छैन। हरेक शैक्षिक सत्रको सुरुवातमा विद्यार्थीबाट भर्ना शुल्क उठाउने चलन निजी र केही ठूला सामुदायिक विद्यालयमा निरन्तर देखिन्छ।

निजी विद्यालयले एनुअल फी र सामुदायिक विद्यालयले अभिभावक सहयोगका नाममा अभिभावकको योगदानलाई आम्दानीको स्रोत बनाउँदै आएका छन्। धेरै अभिभावक कानुनबारे अनभिज्ञ भएका कारण विद्यालयले यसको फाइदा उठाइरहेको हुनसक्छ। यद्यपि, कतिपय विद्यालयहरुले कानुनको पालना गर्दै सकेसम्म विद्यार्थीलाई सहुलियतमा पढाउने काम पनि गर्दै आएका छन्। निजीक्षेत्रमा नि:शुल्क पढाउनुपर्ने र छात्रवृत्ति दिनुपर्ने व्यवस्थाअनुरुप धेरै विद्यालयमा तदनुरुप लागु गरिएको अवस्था पनि छ। कतिपय स्थापित र ठूला भनिने विद्यालयहरुले त भर्नाकै नाममा ठूलो रकम शुल्कका रुपमा लिने गरेको भुक्तभोगीहरुको पीडा छ।

बालबालिकाका अभिभावकबाट नियमविपरीत उठाइने रकम रोक्ने जिम्मेवारी स्थानीय सरकारको भए पनि अधिकांश स्थानीय निकाय मूकदर्शक बनेका छन्। शिक्षा ऐन र नियमावलीले स्पष्टरुपमा व्यवस्था गरेको छ। एकपटक विद्यार्थी भर्ना भइसकेपछि उसले माथिल्लो कक्षामा जाँदा पुन: भर्ना शुल्क तिर्नुपर्दैन। तर, देशभरका अधिकांश संस्थागत् (निजी) विद्यालयहरुले यस कानुनको पालना गरेको देखिँदैन। वार्षिक शुल्क वा एनुअल फीजस्ता शीर्षक राखेर प्रत्येक वर्ष अभिभावकबाट रकम असुलिरहेको अभिभावकहरुको गुनासो सुन्ने गरिन्छ। कतिपय सरकारी विद्यालयहरुमा समेत अतिरिक्त क्रियाकलापका नाममा अतिरिक्त शुल्क लाग्ने गरेका समाचार आउने गरेका छन्।

निजी विद्यालयले लिने मनपरी शुल्कमात्र होइन, त्यहाँ प्रयोगमा आउने पाठ्यपुस्तक, सन्दर्भ सामग्रीसमेतका विषयमा नियामक निकाय बेखबर छ। हरेक विद्यालयले सरकारले तोकेबमोजिम पाठ्यपुस्तक पढाउनुपर्ने प्रावधान छ। तर, धेरैजसो निजी विद्यालयले *मेरो नेपाली*बाहेक अन्य पुस्तक पाठ्यक्रम विकास केन्द्रले तोकेबमोजिम नपढाएको पाइएको छ। आवासीय विद्यालयले खुवाउने खाना पनि गुणस्तरीय छैन। स्टेसनरी, पाठ्यपुस्तकदेखि पोशाकसम्म विद्यालयले तोकेका स्थानबाट किन्नुपर्ने बाध्यतामा



अभिभावक छन्। यसमा सरकार पनि दोषी देखिन्छ। नियमित अनुगमन हुन सकेको छैन। नियामक निकायले यस्ता कुरा थाहा पाएर पनि नपाएजस्तो गर्दा यस्ता विद्यालयलाई अनियमितता गर्न प्रोत्साहन मिलेको छ। नियमावलीको १४५ (ख) ले संस्थागत् विद्यालयको वर्गीकरण तथा शुल्क अनुगमनका लागि सम्बन्धित शिक्षा अधिकारीको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गर्नुपर्ने व्यवस्था गरेको छ।

जुन समितिले कडाइका साथ विद्यालय वर्गीकरण, शुल्क सिफारिस तथा अनुगमन गरी तोकिएभन्दा बढी शुल्क लिनेलाई तत्काल कारबाही गर्नुपर्थ्यो, तर यसो गरेको पाइएन। शिक्षा कार्यालयले विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समितिसँग परामर्श गरी आफ्नो जिल्लाभित्रका चार श्रेणी (क, ख, ग, घ) का विद्यालयले निर्धारण गर्न पाउने शुल्कको अधिकतम् सीमा तोकी शैक्षिक सत्र सुरु हुनुभन्दा ३ महिनाअगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ। सोही सूचनाका आधारमा निजी विद्यालयले तोकिएको शुल्कको अधिकतम् सीमाभित्र रही आगामी शैक्षिक सत्रका लागि विद्यार्थीसँग लिने शुल्कदर प्रस्ताव गरी शैक्षिक सत्र सुरु हुनु दुई महिनाअगाडि नै शिक्षा कार्यालयमा पेस गर्नुपर्ने हो, तर यहाँ कतिसम्म प्रस्ताव गर्न पाइने हो भन्ने जानकारी नै शिक्षा कार्यालयले सम्बन्धित विद्यालयलाई नदिएको अवस्था छ।

मुलुक संघीय व्यवस्थामा प्रवेश गरेसँगै माध्यमिक तहसम्म शिक्षाको जिम्मेवारी संविधानको धारा ५७ (४) तथा अनुसूची ८ ले स्थानीय तहलाई दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) २ ले संस्थागत् र सामुदायिक विद्यालय खोल्ने, अनुमति दिनेदेखि व्यवस्थापन तथा शुल्क निर्धारण, अनुगमनसम्म सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएको छ। यस अर्थमा शुल्क तोक्न स्थानीय तहले प्रस्ताव माग्नुपर्ने थियो। शिक्षा कार्यालयले पनि स्थानीय तहसँग यसबारे छलफल अघि बढाइ सहजीकरण गरिदिनुपर्थ्यो, तर यी काम भएनन्। यसको नाजायज फाइदा निजी विद्यालयले उठाए। नियमावलीको नियम १५० (क) अनुसार शिक्षा विभागका महानिर्देशकको संयोजकत्वमा शुल्क व्यवस्थापन तथा अनुगमन केन्द्रीय समिति रहने व्यवस्था छ। यस समिति क्रियाशील हुनसके संस्थागत् विद्यालयले यसरी मनपरी शुल्क उठाउन सक्दैन थिए। यो समिति पनि सक्रिय नभएकै पाइयो।

केही सीमित निजी विद्यालयहरुको मनोमानीपूर्ण कृत्यलाई देखाएर समग्रमा सबै निजी विद्यालयहरुको स्वामित्व र अधिकार समाप्त पार्ने गरी विधेयक आउनुचाहिं सकारात्मक पक्ष होइन।

सबै निजी विद्यालयहरु लाई गैरनाफामूलक बनाउने नाममा हाल उनीहरुले प्रदान गरिरहेको शैक्षिक गुणस्तर खस्किएर सरका–रीजस्तै हुन थाल्यो भने नेपालको शैक्षिक अवस्था कहाँ पुग्ला र त्यस दुर्गतिको जिम्मा कसले लेला, भर्ना शुल्क र अतिरिक्त शुल्कको उचित नियन्त्रण, नि:शुल्क शिक्षा सुनिश्चित गर्नु र अभिभावकको आर्थिक बोझ घटाउनुमात्रले शिक्षाक्षेत्रले आफ्नो वास्तविक उद्देश्य पूरा गर्न सक्छ। यद्यपि, निजी विद्यालय सञ्चालनका अनेक समस्या छन्, तिनबारे पनि सरकार सकारात्मक हुनु जरुरी छ। शिक्षा केवल व्यापार होइन, समाजको मूलधारको विकास हो। यदि सबै पक्षले जिम्मेवारी वहन गरेमात्र प्रत्येक बालबालिकाले समान, गुणस्तरीय र पहुँचयोग्य शिक्षा पाउने सुनिश्चितता सिर्जना गर्न सकिन्छ। नेपाल सरकारले निजीक्षेत्रलाई समेत शिक्षा सञ्चालनको आधार बनाउँदै कम्पनी मोडलमा लगेपछि नेपालमा संस्थागत् विद्यालयहरु सहरी क्षेत्रमा तीव्ररुपमा विस्तार हुँदै संस्थागत् (निजी) विद्यालयहरु शिक्षाप्रणालीको एक महत्त्वपूर्ण हिस्सा बनेका छन्।

शिक्षामा राज्यले जति खर्च गरे पनि निजी विद्यालयप्रतिको आकर्षण रोकिएको छैन। केही सामुदायिक विद्यालयहरुले पनि निजी विद्यालयको आकर्षण कम गर्न प्रयास गरेका छन्, तर ती केवल अपवाद हुन्। पछिल्ला पाँच वर्षमा सामुदायिक विद्यालयका विद्यार्थी दस लाखले घट्दा निजी विद्यालयमा भर्ना दर निरन्तर बढ्दो छ। कम्पनी ऐनअन्तर्गत् दर्ता भएका निजी संस्थाहरुलाई सार्वजनिक गुठीमा परिणत गर्न कसरी बाध्य पार्न मिल्छ। व्यक्तिगत् वा निजी सम्पत्तिको स्वामित्वको अधिकार हनन् गर्न राज्यले मिल्छ ? के त्यो छुट राज्यलाई नेपालको संविधान र कम्पनी ऐनले दिएको छ ? अनेकौं प्रश्न तेर्सिएका छन्। यसर्थ, निजी शिक्षालाई निषेध गरेर नेपालको शैक्षिक गुणस्तर माथि उठ्ने सम्भावना हाललाई देखिँदैन। यसबारे गहिरो अध्ययन र व्यापक बहस तथा विश्लेषणको आवश्यकता खट्किएको छ।

गुणस्तरीय शिक्षा दिएर नेपालको शैक्षिक हैसियत माथि उठाएका निजी विद्यालयहरुलाई सिध्याउने प्रयासभन्दा पनि उनीहरुमाथि निगरानी र अनुगमन गरेर सच्याउनु नै श्रेयष्कर हुनसक्छ। शिक्षाक्षेत्रमा समान अवसर, पारदर्शिता र कानुनको पालना सुनिश्चित नगर्दा मुलुकले शिक्षा अधिकारको वास्तविक लाभभन्दा धेरै आर्थिक असमानता र मानसिक दबाबका पीडितहरु उत्पादन गर्ने खतरा बढ्छ। अब समय आएको छ कि शिक्षानीति, स्थानीय प्रशासन र विद्यालय व्यवस्थापनबीच सन्तुलन कायम गर्दै सबैका लागि गुणस्तरीय, पहुँचयोग्य र कानुनसम्मत् शिक्षा सुनिश्चित गरिनु आवश्यक छ। नेपालमा शिक्षा केवल अधिकारमात्र नभइ सबैका लागि समान अवसरको माध्यम हो। निजी विद्यालयले गुणस्तरीय शिक्षा दिने क्षमता भए पनि कानुनबमोजिम निगरानी र पारदर्शिता नहुँदा अभिभावकमाथि अत्यधिक आर्थिक बोझ परेको छ। भर्ना शुल्क, अतिरिक्त शुल्क र प्रवेश परीक्षामा हुने असमान अभ्यासले विद्यार्थीमा मानसिक दबाब सिर्जना गर्छ।

सरकार, स्थानीय प्रशासन र विद्यालय व्यवस्थापनले मिलेर कानुनको पालनामा कडाइ गर्नु अनिवार्य छ। स्थानीय सरकारले अनुगमन नगर्दा विद्यालयहरुले अनियन्त्रितरुपमा शुल्क असुल्ने अभ्यास जारी राखेका छन्। नेपालको संविधान २०७२ ले आधारभुत शिक्षालाई मौलिक अधिकारका रुपमा सुनिश्चित गरेको छ। स्थानीय सरकारलाई विद्यालय व्यवस्थापनको अधिकार भए पनि यसको अनुगमनमा ध्यान नदिनु अभिभावकको गुनासोको विषय बनेको छ।

पछिल्लो १० वर्षको एसएलसी वा एसईई परीक्षाको नतिजाको उत्तीर्ण प्रतिशत् हेर्ने हो भने सामुदायिक विद्यालयको उत्तीर्ण प्रतिशत ३० प्रतिशते हाराहारीमा मात्र देखिन्छ भने निजी विद्यालयको उत्तीर्ण प्रतिशत लगभग ९० प्रतिशत् हाराहारीमा छ। गत वर्षमात्रै एमबीबीएस अध्ययनका लागि लिइएको पूर्णछात्रवृत्ति छनौट परीक्षामा उत्तीर्ण भएका १ सय ८ परीक्षार्थीमध्ये १ सय १ जना त निजी विद्यालयका विद्यार्थी नै छन्। बाँकी ७ जना विद्यार्थीले पनि कक्षा सातसम्म निजी विद्यालयमै अध्ययन गरेको पाइन्छ। सरकारी विद्यालयमा सरकारले गरेको सम्पूर्ण खर्चलाई राज्यको धन मान्ने हो भने प्रतिविद्यार्थी खर्च हेर्दा संस्थागत् विद्यालयभन्दा सामुदायिक विद्यालयहरु २.५ गुणा बढी महंगा साबित भएका छन्। तथापि, ती सामुदायिक विद्यालयको शैक्षिक प्रतिफल भने अत्यन्त निराशाजनक र दयनीय देखिन्छ। राज्यद्वारा प्रदान गरिने ४५ प्रतिशत् र ५५ प्रतिशत् आरक्षण तथा खुला छात्रवृत्तिमा निजी एवम् संस्थागत् विद्यालयका विद्यार्थीहरुलाई वञ्चित गरिएको छ।

सरकारद्वारा तोकिएका ४५ प्रतिशत्का विविध आरक्षणाका मापदण्डमा सरकारी विद्यालयहरुमा अध्ययनरत् विद्यार्थीहरुको गुणस्तर नपुगेका कारण खाली रहेका आरक्षणमा समेत निजीका विद्यार्थीहरुले प्रतिस्पर्धा गर्न नपाएको विडम्बनापूर्ण अवस्था देखिन्छ। सरकारले आफ्ना विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार्न नसक्ने अनि गुणस्तरीय शिक्षा हासिल गरेका निजीका विद्यार्थी हरुलाई विभेद गर्नु र अवसरबाट नै वञ्चित गर्नु संवैधानिक र न्यायिकरुपले जायज मान्न सकिन्न। संस्थागत् विद्यालयहरुले सरकारी विद्यालयको तुलनामा बढी आर्थिक भारवहन गर्नुपर्ने अवस्था देखिन्छ। पछिल्ला वर्षहरुमा शिक्षामा देखिएको मुद्रास्फीतिले यस दबाबलाई अझ बढाएको छ। शिक्षण सामग्री (पुस्तक, प्रविधि तथा उपकरण) र शिक्षक तलब क्रमश: महंगो हुँदै गएको छ। यसका कारण विद्यालयहरुले शिक्षक तलबवृद्धि, भवन भाडा, पूर्वाधार सुधार तथा गुणस्तरीय सेवा सुनिश्चित गर्न आवश्यक अन्य खर्चहरु धान्नुपर्ने भएकाले शुल्क वृद्धि अपरिहार्यजस्तो देखिएको छ।

सरकारले शिक्षकको न्यूनतम् तलब ३२ हजार निर्धारण गरेको भए पनि धेरै संस्थागत् विद्यालयमा शिक्षकहरुले अझै १५ हजारदेखि ३० हजारसम्म मात्र तलब पाउने अवस्था छ।

यसले एकातर्फ शिक्षकको जीवनस्तरमा चुनौती सिर्जना गरेको छ भने अर्कोतर्फ विद्यालय व्यवस्थापन पनि आर्थिक दबाबमा परेको देखिन्छ। समग्रमा बढ्दो जीवनयापन खर्च, शिक्षण सामग्रीको महंगी र अन्त–र्राष्ट्रियस्तरअनुसार गुणस्तर कायम गर्नुपर्ने दायित्वका कारण संस्थागत् विद्यालयहरु गम्भीर आर्थिक चुनौती सामना गरिरहेका छन्।

गुणस्तरीय शिक्षाको एक प्रमुख विकल्पका रुपमा स्थापित भएका छन्। यी विद्यालयहरुले अंग्रेजी माध्यम शिक्षा, आधुनिक प्रविधि प्रयोग, अनुशासित शैक्षिक वातावरण तथा विविध अतिरिक्त क्रियाकलापमार्फत् विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

## क्षमता अभिवृद्धिमा पत्रकार

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश र नेपाल पत्रकार महासंघ मकवानपुरको सहकार्यमा पत्रकार तथा सञ्चार कर्मीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सुरु भएको छ। डिजिटल पत्रकारिता तथा पत्रकारितामा एआईको प्रयोगबारे जानकारी गराउने उद्धेश्यले मकवानपुरको कुलेखानीमा कार्यक्रम आयोजना गरिएको हो।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरको सभाध्यक्षता तथा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिका–रीको प्रमुख आतिथ्यता कार्यक्रम सुरु भएको हो। कार्यक्रममा मन्त्री अधिकारीले पत्रकारिता क्षेत्र विकासका लागि मन्त्रालयले सदैंव साथ दिने प्रतिबद्धता व्यक्त गरे। पछिल्लो समय सूचनाप्रविधिको विकाससँगै पत्रकारिताको शैलीमा पनि परिवर्तन भइरहेकाले त्यसलाई आत्मसात् गर्दै अघि बढ्न उनले तालिमका सहभागी पत्रकारहरुलाई सुझाव दिए। 'हालको समय एआईको हो। यसलाई सही सदुपयोग गर्दै आफूलाई सक्रिय राख्नुहोस्,' मन्त्री अधिकारीको भनाइ छ। उनले लामो संघर्षबाट प्राप्त लोकतन्त्र सदैंव बचाइराख्नु आवश्यक रहेको भन्दै सबै क्षेत्रमा यसमा लागिपर्नुपर्ने बताए। मुलुक लोकतान्त्रिक प्रणालीबाट अगाडि बढिरहेकाले जुन पार्टीको सरकार आए पनि लोकतन्त्रिक पद्धति नै प्रतिफल भएको बताए।

पत्रकार महासंघ बागमती प्रदेश समिति अध्यक्ष सारुले देशमा प्रतिपक्ष हालसम्मको कमजोर अवस्थामा रहेको बताए। यस्तो अवस्थामा सशक्त प्रतिपक्षाको भूमिकामा मिडिया हुनुपर्ने उनको भनाइ छ। 'आजको परिस्थिति र परिवर्तन सूचनाप्राविधिका कारण भएको हो,' सारुले भने–यो कन्टेन क्रियटरको युग हो। हामीले गर्ने पत्रकारिताको मोडल परिवर्तन हुनुपर्छ। उनले पत्रकार समाजको ऐना भएकाले सुशासनमा अग्रभागमा हुनुपर्ने बताए।

पछिल्लो समय सरकारी विज्ञापनमा बिचौलियामुक्त गरी अनियमितता नियन्त्रण गर्ने सरकारी प्रयास राम्रो भए पनि विज्ञापन वितरणमा सरकारी र निजी मिडियामा विभेद हुन नहुने उनले बताए। उनले प्रदेश सरकारले समानुपातिक विज्ञापन नीति ल्याउनुपर्नेमा जोड दिए। कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेश समिति उपाध्यक्ष हरि हुमागाईं, पत्रकार महासंघ मकवानपुर उपाध्यक्ष ध्रुव अधिकारी, महासंघ बागमती प्रदेश समितिका सदस्य उज्ज्वल अधिकारी, ओझा, प्रेस चौतारी मकवानपुर अध्यक्ष सरिता दाहाल, प्रेस युनियन मकवानपुर अध्यक्ष सुवास बिडारी, प्रेस सेन्टर मकवानपुर सचिव अनिल पराजुलील गायतको आतिथ्यता थियो।

## उद्योगलाई स्थायित्व स्थायी ब्याजदरमा ऋण उपलब्ध हुनुपर्ने



सन्देश संवाददाता

काठमाडौं/नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका सन्दर्भमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष सुझाव पेस गरेको छ। चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको टोलीले मन्त्रालय पुगेर समग्र अर्थतन्त्रलाई गतिशील बनाउने खालका नीतिगत् सुझाव प्रस्तुत गरेको हो।

चेम्बरले बजेट निजी क्षेत्रमैत्री, उत्पादनमुखी र लगानी प्रोत्साहन गर्ने खालको हुनुपर्ने धारणा राख्दै आर्थिक स्थायित्व, सुशासन र व्यवसायमैत्री वातावरण निर्माणमा प्राथमिकता दिन आग्रह गरेको छ। चेम्बरले कृषि, पर्यटन, उद्योग, सूचनाप्रविधि, ऊर्जा, वैदेशिक लगानी, निर्यात प्रवर्द्धन तथा कर प्रणाली सुधारलगायत सबै क्षेत्र समेटेर आफ्नो धारणा प्रस्तुत गरेको हो। कृषिक्षेत्रमा आधुनिकीकरण, सहुलियत कर्जा र बजार पहुँच विस्तार, पर्यटन क्षेत्रमा पूर्वाधार विकास र अन्तर्राष्ट्रिय प्रवर्द्धन, उद्योग क्षेत्रमा उत्पादन लागत घटाउने र प्रक्रियागत् सहजता, सूचनाप्रविधिमा कर छुट तथा डिजिटल पूर्वाधार विस्तार, ऊर्जा क्षेत्रमा निजी लगानी प्रवर्द्धन तथा जलविद्युत् विकासलाई तीव्रता दिनुपर्ने सुझाव चेम्बरले दिएको छ।

करप्रणाली सरल बनाउँदै एकद्वार प्रणाली लागु गर्न, निर्यातलाई प्रोत्साहन गर्न र मेड इन नेपाल उत्पादनलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ। आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवम् यान्त्रिकी–करणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीति लिइ कृषि उत्पादन गर्नेलाई लिजको व्यवस्था एवम् लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरको सुझाव छ।

अर्थ मन्त्रालयलाई चेम्बरले दिएको सुझावमा निर्यात व्यापारलाई मूल्य अभिवृद्धिका आधारमा अनुदान दिने नीति अपनाइनुपर्ने र निर्यात अनुदानलाई एकद्वार प्रणालीअन्तर्गत् निकासीकर्ताहरुलाई सरल र सहजढंगले प्रदान गरिनुपर्ने उल्लेख छ। वैदेशिक रोजगारीबाट फर्किनेहरुको सिप दक्षता उपयोगका लागि स्वदेशी लगानी प्रोत्साहित गर्ने भनिएको छ। यसका लागि वैदेशिक रोजगारीबाट फर्किनेहरुको सिप र दक्षतासहित सम्पूर्ण विवरण अध्यागमन विभागमा अभिलेखीकरणको व्यवस्था गरिनुपर्ने जनाइएको छ। रेमिट्यान्सबापत् नेपालमा भित्रिने रकमको अधिकांश हिस्सा उपभोगमा मात्र खर्च भइरहेको परिस्थितिमा नेपालमा भित्रिने रेमिट्यान्सलाई ऊर्जालगायत अन्य पूर्वाधार क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति ल्याइनुपर्ने चेम्बरको सुझाव छ।

घरेलु, साना तथा मझौला उद्योगहरुलाई स्थायित्व स्थायी ब्याजदरमा ऋण उपलब्ध हुने नीतिगत् व्यवस्था हुनुपर्ने पनि चेम्बरको सुझावमा उल्लेख छ। सबै प्रकारको करमा तीन तहको सरकारबीच एकद्वार प्रणाली लागु गरिनुपर्ने भन्दै चेम्बरले दोहोरो करको मापदण्ड अन्त्य गरिनुपर्ने उल्लेख गरेको छ। विश्वव्यापार संगठनबाट निर्धारित मूल्यांकनमा अनलाइन डाटाबेस प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने चेम्बरले जनाएको छ। देशमा अधिकांश उपभोग्य सामानका लागि आयातमा नै निर्भर हुनु परेकाले एमआरपी लेबलको व्यवस्था आयातित वस्तुहरुको हकमा लागु गर्न निकै कठिन रहेको उल्लेख गर्दै सरोकारवाला निकायसँग सर्वपक्षीय छलफल र सहमतिका आधारमा मात्र एमआरपी कार्यान्वयनमा लैजानुपर्ने चेम्बरले जनाएको छ। आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवम् यन्त्रिकीकरणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीति लिइ कृषि उत्पादन गर्नेलाई लिजको व्यवस्था एवम् लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरले सुझाव पेस गरेको छ।

अर्थमन्त्री वाग्लेले सरकारले आर्थिक सुधारका विभिन्न कदम अघि बढाइसकेको उल्लेख गरे। उनले राजस्व अनुसन्धान विभाग खारेज गरिसकिएको, करका दर घटाउने योजना रहेको भन्दै अब राजस्व बढ्न, रोजगारी सिर्जना हुन र अर्थतन्त्रको आकार विस्तार हुनु आवश्यक रहेको बताए। मन्त्री डा. वाग्लेले सरकारले उदार नीति अवलम्बन गर्दै सबैलाई काम गर्न सक्ने वातावरण तयार गर्ने दिशामा अघि बढिरहेको प्रसंग उल्लेख गर्दै आगामी बजेट व्यवसायी तथा आमनागरिकलाई हौसला मिल्ने खालको हुने उल्लेख गरे। बजेट निर्माणमा समेटिने पनि उनले प्रतिबद्धता जनाए


## सहकारी संस्थाहरू एकीकरण हुने सम्बन्धि सूचना

तल उल्लेखित दुबै सहकारी संस्थाहरुको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको सञ्चालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको सञ्चालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरुसमेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपशिलबमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ–आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजांच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनका साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ।

**तपशिल :**

एकिकरण गरिने सहकारी सस्थाहरु :

१: श्री सर्बोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा–८, मकवानपुर

२: श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा–१, मकवानपुर

**साधारण सभा हुने मिति** : २०८३ जेठ २ गते, शनिबार

**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा–८। **समय** : बिहान ११:०० बजे

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा–४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।

**सम्पर्क :**

९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा–२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७


प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६. ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने